## स्थानीय पाठ्यक्रम

# हाम्रो गौर नगरपालिका

गौर ,रौतहट

## कक्षा १ देखि ८





















# स्थानीय पाठ्यक्रम

## कक्षा १ देखि ८

**प्रकाशक**

गौर नगरपालिका

**सर्वाधिकार**

गौर नगरपालिका

**संरक्षक**

१. **श्री शम्भु साह (नगर प्रमुख ,गौर नगरपालिका)**
२. **श्री शैल कुमारी साह (उप-नगर प्रमुख, गौर नगरपालिका)**
३. **श्री सुभाष कुमार ठाकुर (प्रमुख प्रशासकीय अधिकृत,गौर नगरपालिका)**

**परामर्श दाता**

१. श्री बौधराज निरौला, महाराजगंज -३, काठमान्डौ
२. श्री मनोज यादव (जन जागरण युवा क्लव)

**सुझाव एवं सल्लहकार**

१. श्री धीरेन्द्र कुमार लाल दास (कानुन अधिकृत,गौर नगरपालिका)
२. श्री उत्तम कुमार उपाध्याय (शिक्षा प्रमुख ,गौर नगरपालिका)
३. श्री रौशन कुमार श्रीवास्तव(सूचना प्रविधि अधिकृत ,गौर नगरपलिका)

**स्थानिय पाठ्यक्रम तयार / लेखन कार्यदलका सदस्यहरु**

१. श्री नागेन्द्र प्रसाद  मंडल (शिक्षा संयोजक,गौर नगरपालिका)
२. श्री बिन्दा साहनी (पूर्व मा.शि. श्री जुद्ध मा.वि.गौर)
३. श्री विपिन बिहारी सिँह (पूर्व मा.शि.श्री मा.वि,समनपुर)
४. श्री दिपक पासवान (कम्प्युटर अपरेटर)
५. श्री साहेब कुमार पाठक (कम्प्युटर अपरेटर)

**प्राविधिक सहयोग**

१. जन जागरण यूवा कल्व (**JJYC** बारा)

**प्रमाणित मिति :- २०८१ फागुन** **प्रकाशन मिति :-२०८१**

"शिक्षा,स्वास्थ्य, पूर्वाधार र व्यपार; सुन्दर, समृद्ध तथा समुन्नत गौरको आधार"

# गौर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

गौर, रौतहट

मधेश प्रदेश,नेपाल



## दुई शब्द

नेपाल बैवद्यपूर्ण देश हो । विविधताको सम्मान, विकास, प्रचारप्रसार र संरक्षण गर्ने भरपर्दो माध्यम भनेकै शिक्षा हो । शिक्षाको विकास बिना अन्य पक्षको विकास सम्भव नै हुँदैन । यस अर्थमा हेर्दा शिक्षा सम्पूर्ण विकासको प्रमुख आधार पनि हो । समग्र शिक्षा प्रणालीलाई व्यवस्थित गर्दै गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउने नागरिकको अधिकारलाई सहज बनाउन सकियोस् भनेर हामीले गौर नगरपालिका भित्र विभिन्न शौक्षिक कार्यक्रमहरु सञ्चालन गर्दै आएका छौं । शिक्षा क्षेत्रको विकास तुरुन्तै देखिने खालको हुँदैन तथापि हामीले योजनाबद्ध रुपमा शौक्षिक विकासका कामहरु गर्दै जाँदा हाम्रा भावी सन्ततिहरुले पनि यसबाट प्रतिफल लिन सक्नेछन् । गुणस्तरीय र व्यवहार उपयोगी शिक्षाको माध्यमले हामी सुसंस्कृत र सभ्य नागरिक तयार गर्न चाहान्छौं । सम्बृद्ध र विकसित समाज निर्माण गर्न चाहान्छौं । श्रममैत्री र उत्पादनशील नागरिक तयार गर्न चाहान्छौ ।नागरिकलाई स्वाभिमानी र आत्मनिर्भर हुन प्रोत्साहित गर्न चाहान्छौ । तर गुणस्तरीय शौक्षिक वातावरण चाहिन्छ । स्थानीय पाठ्यक्रम निर्माण पश्चात् त्यसको प्रभावकारी कार्यान्वयनमा स्थानीय तहले आवश्यक अनुगमन गर्ने, विद्यालयहरुले यसलाई कार्यान्वयन गर्दै लाने र आवश्यकताको आधारमा समयानुकूल बनाउदै लैजाने हो भने यसको प्रभावकारित अझै बढेर जाने मेरो विश्वास छ ।

स्थानीय जात, जाति धर्म , सम्प्रदाय, भाषा, संस्कार, सभ्यता, मूल्यमान्यता, परम्परा, चाडपर्व, हाटबजार, गीत, सङ्गीत, आदिको बारेमा आवश्यक जानकारी गराई आफ्नो परिवेश, सामाजिक, भौगोलिक, आर्थिक, सांस्कृतिक अवस्थाको बारेमा सुसूचित गराउनु स्थानीय पाठ्यक्रमको एक प्रमुख उद्देश्य हो । समावेशी तथा सबैको अपनत्व महशुस हुने खालका स्थानीय विषयवस्तुको पृष्ठभूमिमा निर्मित स्थानीय पाठ्यक्रमबाट आपसी सद्भाव, मेलमिलाप, सामूहिक कार्य, सहिष्णुता तथा राष्ट्रिय एकताको भावनाको विकासमा पनि सहयोग पुग्ने अपेक्षा राख्न सकिन्छ । विश्वव्यापि सोच, स्थानीय अभ्यास भन्ने स्थानीय पाठ्यक्रमको मूलमर्मलाई आत्मसात गर्दै ज्ञान, सीप, अभ्यास र परम्पराको जगेर्ना, संरक्षण, विकास र प्रचार प्रसारको लागि पनि स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग आवश्यक देखिन्छ । आफ्नो जन्मभूमि र स्थानीय परिवेशका विविध पक्षको बारेमा यथोचित जानकारी लिदै आफनै माटोमा केही गरौं भावना विकास गर्नमा समेत यो पाठ्यक्रमले सहयोग गर्ने छ यस पाठ्यक्रमले गौर नगरको परिवेशलाई उच्च प्राथमिकता दिएको छ ।रौतहटको विशिष्ट अवस्थालाई समेटेको छ । हाम्रो ऐतिहासिक धरोहर बानेश्वर धाम हो। हाम्रो मौलिक कला, संस्कृतिलाई बुझने अवसर दिएको छ । यस अर्थमा यो पाठ्यक्रम गौर न.पा बनेको छ भने मेरो विश्वास छ ।

विद्यार्थीको आवश्यकता, अभिभावकको चाहनालाई सम्बोधन गर्दै स्थानीय परिवेशको जगमा टेकेर निर्माण महयोग गरिएको यस पाठ्यक्रमले गौर नगरपालिकाको पहिचान कायम राख्न सहयोग पुग्ने विश्वाश लिएको छु । स्थानीय स्रोत, साधन र सम्भावना समेतलाई आधार बनाई ज्ञान, सीप र अभिवृत्तिको विकासमा यो पाठ्यक्रम एक मार्गदर्शन र

कोशेढुङगा सावित हुनेछ । स्थानीय सरोकारवालाहरूको संलग्नतामा तयार गरिएको “गौर नगरपालिकाको पहिचान“ नामक यस पाठ्यक्रमले गौरका विविध पक्षहरूको यथोचित जानकारी पनि दिएको छ । यो पाठ्यक्रम स्थानीय परिवेश सापेक्ष छ । यसले स्थानीय संस्कृति, संस्कार समेटेको छ । स्थानीय आवश्यकता र चाहना अबलम्बन गरेको छ । स्थानीय भाषा, संस्कृति, मूल्यमान्यता र संस्कारलाई आफनो विषयवस्तु बनाएको छ । स्थानीय भाषाभाषी, जातजाति कला, धर्म, प्रचलन, पहिचान र सभ्यतालाई समेटेको छ । स्थानीय सरोकारवालाहरूलाई महत्त्व दिएको छ । स्थानीय सम्पदाको प्रचार प्रसार, विकास र संरक्षणलाई सघाएको छ । रैथाने सीप, प्रविधि र चालचलनलाई समयसापेक्ष बनाउँदै संरक्षण र प्रवर्धन गर्ने अभिष्ट राखेको छ । राष्ट्रिय पाठ्यक्रमले समेटन नसकेको तर, स्थानीय आवश्यकताको रुपमा रहेका विषयवस्तुहरूहरूलाई पस्केको छ । यस अर्थमा यो पाठ्यक्रम गौर नगरपालिकाको पहिचान कायम राख्न सफल हुनेछ भन्ने विश्वास लिएको छु।

गौर नगरपालिकाले आफनो परिवेश अनुकूल स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याँउन सकेकोमा स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका सदस्य ज्युहरूलाई हार्दिक बधाइ दिन चाहान्छु । नगरपालिकाले सुम्पिएको जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्दै उत्कृष्ट पाठ्यक्रम निर्माण गरी कार्यान्वयनयोग्य बनाउनु भएकोमा म अत्यन्त हर्षित छु । यस पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउन गौर नगरपालिकाका अन्तर्गत सम्पूर्ण विद्यालयका प्रधानाध्यापक, शिक्षक,विद्यालय व्यवस्थापन समिति , अभिभावक लगायत सरोकारवालाहरूलाई म हार्दिक अनुरोध गर्दछु र कार्यान्वयनका लागि सहजीकरण गर्न समेत म प्रतिवद्ध रहनेछु। पाठयक्रम निर्माणमा प्राविधिक सहयोग गर्नुहुने जन जागरण यूवा क्लव,बारा(**JJYC)** संस्थाका कार्यक्रम संयोजक मनोज यादवलाई हार्दिक धन्यवाद दिन चाहन्छु । पाठ्यक्रम आफैमा एक गतिशील दस्तावेज भएकोले आवश्यकतानुसार यसको समसामयिक परिमार्जन हुदैजाने व्यहोरा समेत अवगत गराउन चाहन्छु ।

..............................................

**शम्भु साह**
**(नगर प्रमुख, गौर नगरपालिका)**

"शिक्षा,स्वास्थ्य, पूर्वाधार र व्यपार; सुन्दर, समृद्ध तथा समुन्नत गौरको आधार"

# गौर नगरपा लका

## नगर कार्यपालिकाको कार्यालय

**गौर, रौतहट**

**मधेश प्रदेश ,नेपाल**



**<u>प्रमुख प्रशासकीय अधिकृतको भनाई</u>**

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान, २०७२ ले विद्यालय तहको शिक्षासम्बन्धी सम्पूर्ण अधिकार स्थानीय तहको कार्यक्षेत्रभित्र राखेपछि संविधानबाट प्राप्त अधिकार कार्यान्वयन गर्ने क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ तथा एकीकृत पाठ्यक्रम २०७६ ले हरेक स्थानीय तहलाई स्थानीय पाठ्यक्रम विकास तथा निर्माण गरी विद्यालयहरूमा कार्यान्वयन गर्न निर्देश गरेको छ । यसै अनुसार गौर नगरपालिकाले आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रमअनुसार स्थानीय पाठ्यक्रम विकास तथा निर्माण गरी नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूमा कक्षा १ देखि ८ सम्म लागू गर्ने लक्ष्यअनुसार स्थानीय पाठ्यक्रम तयार गरिएको छ । यस स्थानीय पाठ्यक्रमले नगरपालिका क्षेत्रभित्रका विशिष्ट पहिचानलाई समेटेका छन। यसबाट विद्यार्थीले औपचारिक रूपमा आफ्नो नगरपालिकाको भौगलिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको पहिचानसहित वस्तुनिष्ठ ज्ञान प्राप्त गर्ने छन् । साथै, यस पाठ्यक्रमले विद्यार्थीहरूलाई नगरपालिका क्षेत्रमा रहेका व्यावसायिक क्षेत्रको पहिचान र सो सम्बन्धी ज्ञान तथा सीपसमेत हासिल गराउने छ । रैथाने प्रविधि तथ परम्परागत सामग्रीहरूलाई समेत यस पाठ्यक्रमले संरक्षण, संवर्द्धन र विकास गर्न सहयोग पुयाउनेछ ।

यसै गरी यस पाठ्यक्रमले परम्परागत कला, कौशल, भाषा, भेषभूषा, संस्कृति र असल आचरणसमेतको विकास गरी विद्यार्थीहरूलाई असल एवम् सक्षम नागरिक बन्न सघाउ पुर्याउने कुरामा विश्वास गर्न सकिन्छ। यो पाठ्यक्रम २०८२ सालको शैक्षिक सत्रदेखि कक्षा १–८ मा लागु गरिनेछ । पाठ्यक्रम विकास तथा निर्माण कार्यमा संलग्न रहनुहुने विज्ञ तथा विद्वान् महानुभावहरू सबैलाई धन्यवाद दिन चाहन्छु । नगरपालिकाभित्रका सामुदायिक तथा संस्थागत सबै विद्यालयले यो पाठ्यक्रमको महत्त्व र गरिमालाई आत्मसात् गर्दै प्रभावकारी तरिकाले पठनपाठनलाई व्यवस्थित गर्नुहुने कुरामा म पूर्णरूपले विश्वस्त छु ।

सुभाष कुमार ठाकुर

प्रमुख प्रशासकीय अधिकृत

# भूमिका

"नास्ति विधा समम् चक्षु भनिएको हो !" यसको अभावमा समाज र राष्ट्रको विकास असम्भव छ । समाज विकासको क्रममा शिक्षाको अभाव भयो भने त्यस समाजको विकास अवरुद्ध हुन्छ । औपचारिक शिक्षालाई व्यवस्थित र योजनावद्धरुपमा सञ्चालन गर्न पाठयक्रमको आवश्यकता पर्दछ । पाठ्यक्रम निर्माण, विकास र परिमार्जन गर्ने कुरा निरन्तर चलिरहने प्रक्रिया हो । विद्यार्थीको रुचि/क्षमता, अभिभावकहरुको चाहना र समाजको आवश्यकता र सपनाको जगमा पाठ्यक्रमा निर्माण गरी कार्यान्वयन गर्न सकेमा यसबाट अपेक्षित लाभ लिन सकिने कुरामा दुईमत नरहला । विद्यार्थीरूमा चाहिने व्यवहार कुशल तथा जीवनोपयोगी सीप विकास गर्न निर्माण गरिने पाठ्यक्रम स्वभावले नै विधार्थीमैत्री हुन आवश्यक हुन्छ । राष्ट्रिय पाठ्यक्रम विकास केन्द्र शिक्षक शैक्षिक सत्र २०७७ सालदेखि आधारभूत तह (कक्षा १–३) का पाठ्यक्रम परिवर्तन गरी कक्षा १ मा एकीकृत पाठ्यक्रम लागू गरिएको छ । राष्ट्रिय पाठ्यक्रमको मौजुदा व्यवस्था अनुसार आधारभूत तह (कक्षा १–३) का लागि साप्ताहिक ५ पाठ्यघण्टाको दरले बार्षिक १६० कार्यघण्टा र आधारभूत तह (कक्षा ४–८) का लागि साप्ताहिक ४ पाठ्यघण्टाको दरले बार्षिक १२८ कार्यघण्टा निर्धारण गरिएको छ । यसै व्यवस्थालाई ध्यान दिँदै गौर नगरपालिकाको स्थानीय पाठ्यक्रम विकास गर्ने क्रममा गौर नरपालिकाको स्थानीय पाठ्यक्रम निर्माण गर्न लागेको हो । स्थानीय पाठ्यक्रम निर्माण गर्नु यस नगरपालिका गौरकोलागि ऐतिहासिक काम हुने थालनी गर्ने हामीलाई जमर्को गर्दछौ। यस कार्यदलमा सदस्यहरुले आ–आफ्ना जिम्माका कार्यलाइ तत्परताका साथ लागेर स्थानीय पाठ्यक्रम निर्माण गर्न लागेका हौं । आवश्यक सल्लाह सुझाव र परिवर्तित परिवेश अनुकूल यस पाठ्यक्रमलाई बि.स.२०७८ मा परिमार्जन गर्दै एकीकृत रुपमा कक्षा (१–८) को स्थानीय पाठ्यक्रम निर्माण गरिएको हो ।

व्यवस्थालाई राष्ट्रिय पाठ्यक्रम २०७६ ले निर्दिष्ट गरेबमोजिम अब सवै स्थानीय तहमा आधारभूत तह कक्षा (१–८) सम्म स्थानीय स्तरमा पाठ्यक्रम निर्माण गरी पठनपाठन गर्नुपर्ने व्यवस्था छ । परिवर्तित पाठ्यक्रम कार्यान्वयन ढाँचा अनुसार सरोकारवालाहरुसँगको पटक पटकको छलफल, पाठ्यक्रम निर्माणमा कार्यदलको सामुहिक लगनशीलता, लेखन तथा सम्पादन मण्डलको मिहिनेत, नगरपालिकाको सल्लाह एवम् निर्देशन र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्ददर्शन २०७६ को निर्देशनको आधारमा यो पाठ्यक्रम तयार गरिएको हो । समय सान्दर्भिक र आवश्यकतामा आधारित विभिन्न सन्दर्भ सामग्रीहरुको सहयोगमा स्थानीय पाठ्यक्रममा उल्लिखित विषयवस्तुको सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ । यस पाठ्यक्रममा विषयवस्तुको क्षेत्र, क्रम, शिक्षण–सिकई क्रियाकलापका सम्भावित क्रियाकलाप, सम्भावित मूल्याङ्कन प्रक्रिया समेत उल्लेख गरिएको छ । स्थानीय परिवेश तथा स्थानीय वातावरणको जगमा तयार गरिएको यस पाठ्यक्रमले गौर नगरको आफ्नो पहिचान कायम राख्ने कुरामा सहयोग गर्ने विश्वास लिएका छौं । पाठ्यक्रम कार्यान्वयन गर्ने सबैभन्दा तल्लो निकाय विद्यालय र जिम्मेवार व्यक्ति विद्यालयमा पढाउने शिक्षक हुने भएकाले शिक्षकले विधार्थीहरुको सहभागितामा नै पाठ्यक्रम बनाएर कार्यान्वयनमा ल्याउनुपर्छ भन्ने सोचबाट स्थानीय पाठ्यक्रमको अवधारणा विकास भएको हो । तर, अहिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको बदलिएको राजनीतिक मान्यता र प्रशासनिक संरचनामा माध्यमिक तहसम्मको शिक्षाको अधिकार संविधानतः स्थानीय तहको भएकोले स्थानीय तहले आफ्नो परिवेश र स्थानीय आवश्यकताको जगमा पाठ्यक्रम निर्माण गर्न सक्ने प्रावधान रहेको छ । यस प्रक्रियामा अभिभावक, स्थानीय समुदायमा रहेका विभिन्न पेसामा संलग्न व्यक्ति, विभिन्न सामाजिक संघ -संथामा संलग्न व्यक्ति सबैको भूमिका महत्वपूर्ण हुन्छ । गैरसरकारी संघ /संस्थाको सहयोग लिएर स्थानीय पाठ्यक्रम निर्माण गर्न सकिने भएकोले पनि सबैको साथ सहयोग र विज्ञताको समुचित कदर गर्दै स्थानीय आवश्यकताको

आधारमा स्थानीय सरकारले स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने परिपाटीको विकास हुन थालेको सुखद अवस्था सिर्जना भएको छ । यतिखेर विविधताको सम्मान गर्दै स्थानीय ज्ञान, सीप र प्रविधिको समान पहुँच र विस्तारमा टेवा पुऱ्याउन स्थानीय सरोकारवालाको सहभागिता, विज्ञता र स्रोत -साधन जरुरी हुन्छ । नेपालमा राष्ट्रिय स्तरको पाठ्यक्रम निर्माण गर्ने क्रममा सरल र सहज तरिकाले स्थानीय तहको प्रतिनिधित्त्व हुन नसकेको परिवेश विद्यमान छ । फलस्वरूप शौक्षिक गुणस्तर विकासमा स्थानीय सरोकारवालाको उत्तरदायित्व र जिम्मेवारी बोध पर्याप्त मात्रामा भएको पनि छैन । अतः स्थानीय आवश्यकता आधारित पाठ्यक्रम तथा नीति निर्माणका क्रममा स्थानीय तहका सरोकारवालाको बढी सहभागिता हुने वातावरण तयार गर्नेर त्यसबाट प्राप्त उपलब्धी उनीहरुकै जिम्मेवारी रहने व्यवस्था गरी विकेन्द्रीकरणको सैद्धान्तिक पक्षलाई जोड दिँदै स्थानीय पाठ्यक्रम निर्माण गर्नु अहिलेको प्रमुख आवश्यकता हो । गौर नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गर्दा पनि स्थानीय सरकोकारवालाहरुको संलग्नतालाई विशेष महत्व दिइएको छ ।

अन्त्यमा, " गौरको पहिचान " नामक यो स्थानीय पाठ्यक्रममा उल्लिखित विषयवस्तुहरुको सान्दर्भिकता र औचित्यता यसको, सफल र प्रभावकारी कार्यान्वयनबाट मात्र सम्भव हुनेछ । पाठ्यक्रम निर्माणमा हामीलाई सहयोग गर्नुहुने संस्था जन जागरण यूवा क्लव बारा का कार्यक्रम संयोजक लगायत सम्पूर्णमा धन्यबाद दिँदै यसको सफल कार्यान्वयनमा आ–आफ्नो ठाउँबाट सक्दो सहयोग प्राप्त भइरहने विश्वास लिएका छौं ।

**स्थानीय पाठ्यक्रम निर्माण कार्यदल**
**गौर नगरपालिका**

# स्थानीय पाठ्यक्रमः हाम्रो गौर नगरपालिका कक्षा (१-८)

## विषयसूची

**खण्ड १ स्थानीय पाठ्यक्रमको औचित्य**


| क्र.सं. | विषय वस्तु | पाना नं. |
|---|---|---|
| **खण्ड १ स्थानीय पाठ्यक्रमको औचित्य** | | |
| १ | परिचय | १ |
| २ | स्थानीय पाठ्यक्रमको आवश्यकता | १ |
| ३ | स्थानीय पाठ्यक्रमको विशेषता | २ |
| ४ | पाठ्यक्रमको विषयक्षेत्र | ३ |
| ५ | सक्षमता | ३ |
| ६ | एकिकृत स्वरुपको पाठ्यक्रम | ४ |
| ७ | पाठ्यक्रम कार्यान्वयन, मूल्याङ्कन र परिमार्जन | ४ |
| **खण्ड २ः कक्षा १-३ को स्थानीय पाठ्यक्रम** | | |
| ८ | परिचय | ६ |
| ९ | कक्षागत सिकाइ उपलब्धि (कक्षा १-३) | ७ |
| १० | विषय बस्तुको क्षेत्र र क्रम(कक्षा १-३) | १० |
| ११ | विषय क्षेत्र अनुसार अनुमानित कार्यघण्टा (कक्षा १-३) | १२ |
| १२ | विषयवस्तुको विस्तृतिकरण (कक्षा १-३) | १३ |
| १३ | शिक्षण सिकाइ योजना निर्माण | ३२ |
| १४ | सिकाइ सहजीकरण विधि र प्रक्रिया | ३३ |
| १५ | विधार्थी मूल्याङ्कन प्रक्रिया | ३६ |
| १६ | शिक्षण सिकाइका लागि माध्यम भाषाको छनौट | ३९ |
| **खण्ड ३ः कक्षा ४-८ स्थानीय पाठ्यक्रम** | | |
| १७ | परिचय | ४१ |
| १८ | तहगत सक्षमता | ४१ |
| १९ | विषयक्षेत्र अनुसार अनुमानित कार्य घण्टा (कक्षा ४-८) | ४२ |
| २० | कक्षागत सिकाइ उपलब्धि (कक्षा ४-५) | ४३ |
| २१ | विषय बस्तुको क्षेत्र र क्रम (कक्षा ४- ५) | ४५ |
| २२ | विषयबस्तुको विस्तृतिकरण (कक्षा ४- ५) | ४८ |
| २३ | कक्षागत सिकाइ उपलब्धि (कक्षा ६- ८) | ६३ |
| २४ | विषय बस्तुको क्षेत्र र क्रम (कक्षा ६- ८) | ६७ |
| २५ | विषयबस्तुको विस्तृतिकरण (कक्षा ६- ८) | ७० |
| २६ | शिक्षण सिकाइ बिधिहरु | ८६ |
| २७ | विधार्थी मूल्याङ्कन | ८७ |
| २८ | परियोजना /प्रयोगात्मक तथा सृजनात्मक कार्य | ८९ |
| २९ | सिकाइ उपलब्धि अभिलेख फाराम (कक्षा १-८) | ९४ |

## खण्ड १

# स्थानीय पाठ्यक्रमको औचित्य

## १.परिचय

नेपालको संविधानले आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सद्धिान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न संघीय गणतन्त्रको स्थापना गरे पश्चात यसको कार्यान्वयन बिभिन्न तह र क्षेत्रबाट भइरहेको छ । संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयनकालागि दिगो शान्ति, सुशासन, विकास र समृद्धि आकाँक्षा पूरा गर्न यसका सैद्धान्तिक र व्यवहारिक पक्षलाई हरेक नागरिक समक्ष पुर्याउन शिक्षाले प्रमुख भूमिका खेल्दछ। वर्तमान संविधानको अनुसूची - ८ ले आधारभूत र माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहले गर्ने व्यवस्था गरेको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६ मा स्थानीय तहले विद्यालय तहमा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्न पाउने व्यवस्था छ । उक्त प्रारुपले स्थानीय पाठ्यक्रमको सम्बन्धमा कक्षा १-३ सम्म साप्ताहिक ५ पाठ्यभार र वार्षिक रुपमा १६० घन्टा तथा कक्षा ४-८ कालागि साप्ताहिक ४ पाठ्यभार र वार्षिक पाठ्यघन्टा १२८ निर्धारण गरेको छ। नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृ भाषा सहित), २०७६ ले स्थानीय पाठ्यक्रमको सन्दर्भ, अवधारणा, पाठ्यक्रम विकास, कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रमको ढाँचालगायत विषयमा स्पष्ट मार्गदर्शन गरेको छ।

स्थानीय पाठ्यक्रमसम्बन्धी स्रोत सामग्री २०७६ का अनुसार "स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरुकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो"। स्थानीय पाठ्यक्रम स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरुकै विज्ञता र सक्रियतामा यथासक्य कम लागतमा तयार गरिने पाठ्यक्रम हो । यस पाठ्यक्रमले पनि गौर नगरपालिका क्षेत्रभित्रको विशिष्ट पहिचानलाई उजागर गर्ने अवसर प्रदान गरेको छ।

गाउँ,समाज,भूगोलको वस्तुनिष्ट ज्ञान प्राप्त गर्नेछन् र यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्वका स्थलहरु, प्राकृतिक सम्पदा तथा यसको संरक्षण एवम् संवद्धन गर्दै सम्भावित स्थानीय प्राकृतिक विपत्तिहरुका बारेमा समेत पहिचान गर्नेछन् । स्थानीय क्षेत्रमा प्रचिलत पेसा व्यवसाय र आर्थिक क्रियाकलापको औपचारिक जानकारी प्राप्त गर्नेछन् । यस पाठ्यक्रमले वातावरण संरक्षण तथा सुधारका निम्ति सहयोग गर्न प्रेरति गर्ने छ ।यस पाठ्यक्रमबाट बालबालिकाहरुले सामाजकि मूल्यमान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुसरण गर्ने अपेक्षा गरिएको छ

## २. स्थानीय पाठ्यक्रमको आवश्यकता

उत्पादनमुखी र सपियुक्त नागरकि तयार गरी नेपाल कला, सौन्दर्य आदर्श तथा वैशष्टियको संरक्षण तथा संवर्धन गर्न ।नेपाल सरकारबाट एकीकृत पाठ्यक्रम (कक्षा १-३) को ढाँचा २०७६ स्वीकृत भई कार्यान्वयनको क्रममा रहेको छ । एकीकृत पाठ्यक्रम देशभरिमा २०७७ सालदेखि लागू भएको छ। उक्त पाठ्यक्रमढाँचामा भएको व्यवस्थाअनुसार कक्षा १-३ सम्ममा पाँचओटा विषय, नेपाली, अंग्रेजी ,गणित, हाम्रो सेरोफेरो र स्थानीय विषय राख्नुपर्ने प्रावधान छ ।

बालबालिकाको सिकाइ आफ्नो वासस्थानबाटै प्रारम्भ गर्न सहज हुन्छ । त्यसका लागि बालबालिकाहरुले आफ्नो गाऊँ तथा समुदायको पहिचान गर्नुपर्दछ । त्यहाँ भएका प्राकृतिक ऐतिहासिक सम्पदाहरु र आर्थिक क्रियाकलापहरुबारे जानकारी हुनुपर्दछ । स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोतसामग्रीको संरक्षण, संवर्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देशन गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक सामाजिक सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिकतयार गर्नका लागि स्थानीय पाठ्यक्रम अपरिहार्य भएको छ ।राष्ट्रिय स्तरमा निर्माण गरिने पाठ्यक्रम सबै सरोकारवालाको संलग्नताको सम्भावना रहँदैन । यसले स्थानीय तहको भाषा, संस्कृति ज्ञान र सिपलाई पूर्ण रुपले समेट्न सम्भव हुँदैन ।अतः स्थानीय तहको भाषा,लिपी तथा संस्कृतिक जगेर्ना गर्न स्थानीय

तहको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा जोड्ने ज्ञान र सिपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी व्यवहारिक र दक्ष जनशक्ति तयार गर्नका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ ।

हरेक स्थानीय तहको आआफ्नै विशिष्ट पहिचान भैगोलिक धार्मिक एवम् सांस्कृतिक जातीय भाषिक विविधता हुन्छ । केन्द्रिय तहमा तयार गरिने पाठ्यक्रमले मात्र विद्यार्थीहरुलाई दैनिक जीवनमा आवश्यकपर्ने ज्ञान, सिप आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरु प्रदान गर्न नसक्ने भएकाले स्थानीय परिवेशअनुसारको ज्ञान र सिप आर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न वाञ्छनीय भएको र संवैधानिक तथा नीतिगत रुपमा भएको प्रावधानलाई कार्यान्वयन गर्नु प्रत्येक स्थानीय तहको कर्तव्य भएको हुनाले गौर नगरपालिकाले यो स्थानीय पाठ्यक्रम तयार गरेको हो । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहायबमोजिमका बुँदाहरुले अझ स्पष्ट पार्दछनः

क. स्थानीय स्तरका व्यवसाय, पेसा एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तराष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सीपयुक्त नागरिक तयार गरी नेपाल कला, सौन्दर्य आदर्श तथा वैशिष्टाको संरक्षण तथा संवर्धन गर्न ।

ख. स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा,लिपी आदिको संरक्षण र संवर्धन गर्न ।

ग. स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरुपको व्यवहार गर्न सक्ने तुल्याउन ।

घ. भौगोलिक, जातिय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक विविधतालाई सम्बोधन गर्न

ङ. स्थानीय तहको ज्ञान, सीप र प्रविधिलाई उजागर गर्न ।

च. परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई संरक्षण, संवर्धन र विकास गर्न सहयोग पुर्या,उन ।

छ. स्थानीय स्रोत र साधनको अधिकतम उपभोग र परिचालन गर्न ।

ज. स्थानीय भाषा र बारेमा परिचित भइ यसको प्रयोग तथा प्रवर्धन गर्न ।

झ. स्थानीय तहमा आइपर्ने विभिन्न विपदको जानकारी र यस बाट बाँच्ने उचित उपाय र प्राविधिलाई उजागर गर्न।

### ३. स्थानीय पाठ्यक्रमको विशेषता

स्थानीय पाठ्यक्रम पाठ्यक्रम विकासको विकेन्द्रीकृत र प्रजातान्त्रिक अभ्यास हो । यस पाठ्यक्रमलेः

क. स्थानीय आवश्यकताको परिपूर्ति गर्दछ ।

ख. स्थानीय मागमा आधारित छ ।

ग. स्थानीय स्रोत, साधन र विज्ञताको उपयोग गर्दछ ।

घ. सिक्ने र सिकाउनेको सहभागिताको सुनिश्चित गर्दछ ।

ङ. अपनत्वको भावनाको विकास गराउँछ ।

च. स्थानीय स्तरमा रहेका सरोकारवालाको क्षमता अभिवृद्धि गर्छ ।

छ. रोजगार तथा स्वरोजगारको सिर्जना गर्छ ।

ज. सैद्धान्तिक भन्दा व्यवहारिक पक्षमा जोड दिन्छ ।

झ. विद्यार्थी केन्द्रित विधिमा जोड दिन्छ ।

ञ. शिक्षण सिकाइमा आइसिटिको प्रयोगमा जोड दिन्छ ।

ट. गरेर सिक्ने अवसर र स्थलगत अध्ययनमा जोड दिन्छ ।

ठ. स्थानीय तहमा आइपर्ने विपद बाट बाँच्ने पक्षमा जोड दिन्छ ।

स्थानीय पाठ्यक्रमको दायरा विशिष्टीकृत हुन्छ । यो व्यवहारमा आधारित अवधारणामा बन्दछ । स्थानीय आवश्यकतामा आधारित भई स्थानीय विज्ञबाट विकास गरिन्छ । यसको विकास गर्ने मूल स्थान स्थानीय स्तर हो । त्यसैले यसको

अपनत्व बढी हुन्छ । सहभागिताको दृष्टिले व्यापक हुन्छ । यसको निर्माण स्वनिर्देशित र मागमा आधारित भइ बनेको हुन्छ । यसमा प्रयोग हुने विषयवस्तु सान्दर्भिक,उपयोगी र ग्राह्य हुन्छ । त्यसैले यस पाठ्यक्रमका एकरुपता हुँदैन । यसको प्रमाणीकरण स्थानीय स्तरमा हुन्छ ।

**४. पाठ्यक्रमको विषयक्षेत्र**

गौरको परिचय सहित यस पालिकाको धार्मिक , सांस्कृतिक , ऐतिहासिक , प्राकृतिक , पेसा व्यवसाय, संस्था, व्यक्ति र परिचय, व्यावसाय नैतिक शिक्षा, आचरण ,वातावरण ,सरसफाई र भाषा लिपी लगायतका सातै क्षेत्रमा विभाजित मुख्य विष्यवस्तु निम्नानुसार रहेको छ ।

१. गौरको परिचय
२. धार्मिक एतिहासिक तथा पर्यटकीय स्थल ।
३. स्थानीय भाषा, लिपि र संस्कृति ।
४. उद्यमशीलताः स्थानीय र परंपरागत पेशा, व्यवसाय, रोजगारी ।
५. नैतिक शिक्षा र आचरण ।
६. वातावरण र सरसफाई ।
७. संस्था,व्यक्ति र शहिदको परिचय ।
८. स्थानीय विपद ।

**५. सक्षमता**

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार बालमनोविज्ञान, सिकारुको उमेर तथा सिकाई क्षमतास्तरका आधारमा आधारभूत तहको कक्षागत खाका देहाय बमोजिम निर्धारण गरिएको छः

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमता स्तर |
|---|---|---|---|
| आधारभूत | कक्षा १-३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४-५ | ८ देखि९ वर्षसम्म | तह २ |
| | कक्षा ६-८ | १० देखि १२ वर्षसम्म | तह ३ |

आधारभूत तह कक्षा १-३ सम्मको हाम्रो गौर नगरपालिका विषयको अध्ययन पश्चात विद्यार्थीहरुले निम्नलिखित सक्षमता हासिल गर्नेछन् ।

१.आफू बसेको वडा र गाउँपालिकाको भौगोलिक अवस्था,साँध सिमाना, जनसंख्या, जातजाति संघसंस्थाको चिनारी ।
२. प्रसिद्ध धार्मिक,ऐतहिासिक र पर्यटकीय स्थलको जानकारी,संरक्षण र प्रवर्द्धन ।
३. विभिन्न जातजातिले अपनाउने रितिरिवाज,संस्कार र संस्कृतिको पहिचान र अनुसरण ।
४. स्थानीय र परंपरागत पेशा, व्यवसाय र उद्यमशीलताको प्रवर्द्धनात्मक उपयोग ।
५. वातावरण संरक्षणप्रति सजग र विद्यालयको सरसफा अवधारणा अवलम्बन ।
६. स्थानीय परंपरागत प्रविधिको जानकारी, संरक्षण र प्रवर्द्धन ।
७. सरसफाइ, सन्तुलित भोजन, असल संस्कार, योग र स्थानीय खेलहरुको परिचय र अभ्यास ।

**आधारभूत तह (कक्षा ४-८) सम्मको हाम्रो गौर नगरपालिका स्थानीय पाठ्यक्रम विषयको अध्ययन पश्चात विद्यार्थीहरुले निम्नलिखित सक्षमता हासिल गर्नेछन:**

१. आफू बसेको वडा र नगरको भौगोलिक अवस्था,सँाध सिमाना, जनसंख्या, जातजाति,संघसंस्थाको चिनारी ।

२. प्रसिद्ध धार्मिक,ऐतिहासिक र पर्यटकीय स्थलको जानकारी,संरक्षणरप्रवर्द्धन ।

३. बिभिन्न जातजातिले अपनाउने रीतीरिवाज, भाषा संस्कार र संस्कृतिको पहिचान र अनुसरण ।

४. उद्यमशीलताको प्रवर्तनात्मक उपयोग ।

५. वातावरण संरक्षणप्रति सजग र हरित विद्यालय अवधारणाको अवलम्बन ।

६. स्थानीय प्रवधिकिो जानकारी,संरक्षणर प्रवर्द्धन ।

८. स्थानीय भाषा वाज्जिका, मैथिली, नेपाली, भोजपूरी उर्दू ।

९. स्थानीय विपद बाढी,सुखा,आगलगी,शितलहरी ।

**६. एकिकृत स्वरुपको पाठ्यक्रमः**

कक्षा १-३ को यो स्थानीय पाठ्यक्रम विद्यालय शिक्षाकालागि विकास गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका सिद्धान्त तथा स्वरूपमा आधारित भई विकास गरिएको छ ।विद्यालय शिक्षाको कक्षा १-३ को पाठ्यक्रम एकीकृत ढाँचा (बहु विषयक र अन्तरविषयक) मा तयार गरिएको छ । विद्यार्थीहरुको मूल्याङ्कन सिकाइ उपलब्धिलाई हासिल भए नभएको यकिन गरी सक्षमताका आधारमा मापन गरिएको छ । विद्यार्थीहरुको मूल्याङ्कन गर्दा एकीकृत पाठ्यक्रमले अवलम्बन गरेको मान्यता र अवधरणालाई यो पाठ्यक्रम अवलम्बन गरेको छ । त्यसैले स्थानीय विषयको पाठ्यक्रम अन्तरविषय वा बहुविषयक नभएर विषयक हो भने यस पाठ्यक्रमले गरेको मूल्याङ्कन प्रकृया एकीकृत पाठ्यक्रमले अङ्गिकार गरेको सिकाइ सक्षमताको आधारमा गर्ने प्रस्ताव गरिएको छ ।

कक्षा ४-८ को यो स्थानीय पाठ्यक्रम विद्यालय शिक्षाकोलागि विकास गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका सिद्धान्त तथा स्वरूपमा आधारित भई विकास गरिएको छ । विद्यार्थीहरुको मूल्याङ्कन सिकाइ उपलब्धिलाई हासिल भए नभएको यकिन गरी सक्षमताका आधारमा मापन गरिएको छ । विद्यार्थीहरुको मूल्याङ्कन गर्दा एकिकृत पाठ्यक्रमले अवलम्बन गरेको मान्यता र अवधरणालाई यो पाठ्यक्रम अवल्बन गरेको छ । कक्षा ४-८ सम्मको पाठ्यक्रमको मूल्याङ्कन प्रक्रिया ५० प्रतिशत आन्तरिक र बाँकी ५० प्रतिशत बाह्य हुनेछ ।

**७. पाठ्यक्रम कार्यान्वयन , मूल्याङ्कन र परिमार्जन**

पाठ्यक्रम एक गतिशील दस्ताबेज हो । कुनै पनि पाठ्यक्रमको कार्यान्यिन गरेपछि सरोकारवालाहरु प्राप्त हुने पृष्ठपोषणका आधारमा सुधार तथा परिमार्जन गर्ने कार्य निरन्तर हुने गर्दछ। एकातिर समाजको मूल्यमान्यता, परिवेश, विषयक्षेत्रको प्राथमिकता समयको अन्तरालमा परिवर्तन हुदै जान्छ ।विश्व परिवेश सूचना तथा प्रविधिमा भएको विकास र कक्षा शिक्षणमा त्यसको प्रभावलेगर्दा पाठ्यक्रमलाई समय सापेक्ष बनाउन बाञ्छिनय हुने भएकाले पाठ्यक्रमलाई मूल्याङ्कन, परिमार्जन र सुधार निरन्तर रुपमा गर्नु पर्दछ ।यो शैक्षिक सत्र २०८२ देखि गौर नगरपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा यो स्थानीय पाठ्यक्रम लागू गरिनेछ ।पाठ्यक्रम कार्यान्वयनको क्रममा शिक्षक , विद्यार्थी , अभिभावक , विज्ञ, जनप्रतिनिधि लगायत सरोकारवालाहरुबाट प्राप्त सुझाबका आधारमा परिमार्जन गरिनेछ ।यस पाठ्यक्रममा समय सापेक्ष सामान्य परिवर्तन हरेक शैक्षिक सत्रमा, पाँच वर्षमा पाठ्यक्रमको पुनरावलोकन र दश वर्षमा आवश्यकता अनुसार पाठ्यक्रम पूर्ण रुपमा परिवर्तन गरी नयाँ पाठ्यक्रम विकास गर्न सकिनेछ।

# खण्ड २

## कक्षा १-३ को स्थानीय पाठ्क्रम

## ८.परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६ मा स्थानीय तहले विद्यालय तहमा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्न पाउने व्यवस्था छ । उक्त प्रारुपले स्थानीय पाठ्यक्रमको सम्बन्धमा कक्षा १-३ सम्म साप्ताहिक ५ पाठ्यभार र वार्षिक रुपमा १६० कार्यघन्टा निर्धारण गरेको छ ।

कक्षा १-३ को यो स्थानीय पाठ्यक्रम विद्यालय शिक्षाकालागि विकास गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका सिद्धान्त तथा स्वरूपमा आधारित भई विकास गरिएको छ ।विद्यालय शिक्षाको कक्षा १-३ को पाठ्यक्रम एकीकृत ढाँचा (बहु विषयक र अन्तरविषयक) मा तयार गरिएको छ । विद्यार्थीहरुको मूल्याङ्कन सिकाइ उपलब्धि हासिल भए नभएको यकिन गरी हासिल नभएकोलाई थप सहायता दिइ सिकाइ उपलब्धि हासिल गराउनु पर्ने शिक्षकहरुको मुख्य जिम्मेवारी रहेको छ। यस नगरपालिकाले कक्षा १-३ को स्थानीय पाठ्यक्रममा निम्न विषय क्षेत्र समावेश गरेको छ ।

### कक्षा १-३ पाठ्यक्रमको विषयक्षेत्र

१. गौरको परिचय

२. धार्मिक एतिहासिक तथा पर्यटकीय स्थल ।

३. स्थानीय भाषा र संस्कृति ।

४. उद्यमशीलताः स्थानीय र परंपरागत पेशा, व्यवसाय, रोजगारी ।

५. नैतिक शिक्षा र आचरण ।

६. वातावरण र सरसफाई ।

७. संस्था,व्यक्ति र शहिदको परिचय ।

## ९.कक्षागत सिकाइ उपलब्धि (कक्षा १-३)

**तालिका नम्बर १**

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| १.गौरको परिचय | १. आफू बसेको टोल, नगरपालिकाको नाम र सिमाना बताउन<br>२. आफू बसेको छिमेकी साथीको नाम बताउन<br>३. आफू बसेको गाँउ/सहरको ठेगाना बताउन (मातृभाषामा)<br>४. आफ्नो विधालयको नाम बताउन | १.वडाको सामान्य परिचय दिन<br>२.आफू बसोबास गर्ने वडाको नक्साको पहिचान गरी रङ भर्न<br>३.गौर नगरपालिकाको प्रमुख,उपप्रमुख र आफनो वडा अध्यक्षको नाम बताउन<br>४.आफनो वडाको सिमाना र नदी,खोलाको अवस्थिति पता लगाउन<br>५.आफू बसोबास गरेको वडाको मुख्य बस्तीहरुको पहिचान गर्न | १.आफू बसोबास गरेको नगरपालिकाको नाम र कुल वडा संख्या बताउन<br>२.नगरपालिकाको सिमाना पहिचान गर्न<br>३.पालिकाको नक्सामा आफनो वडाको पहिचान गरी रङ भर्न<br>४.आफनो नगरपालिका भित्रका मुख्य मुख्य सडकहरुको नाम र अवस्थिति पहिचान गर्न<br>५.आफू बसोबास गरेको वडा समितिका सदस्यहरुको पहिचान गर्न |
| २.धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थल | ५.स्थानीय नदी तथा तालको नाम बताउन<br>६.आफ्नो वडाको विभिन्न मन्दिर र मस्जिदहरुको नाम भन्न<br>७.आफना घर परिवारमा मनाईने पर्वहरु,पूजापाठहरुको नाम भन्न<br>८.गौरको राम मन्दिर बारे जानकारी दिन। | ६.ऐतिहासिक तथा पर्यटकीय स्थलको पहिचान गर्न<br>७.स्थानीय मेलाको परिचय दिन<br>८.पुरेनवा दरवारको अवस्थिति बताउन<br>९.झोलुङे पूल र घंण्टा घर बारे भन्न | ६.स्थानीय मठ मन्दिरको सामान्य परिचय दिन<br>७. न.पा.भित्रका धार्मिक,ऐतिहासिक,सांस्कृतिक सम्पदाको नाम र परिचय बताउन<br>८.पुरेनवा दरबारको र घंण्टा घर चिनारी दिन<br>९.झण्डा,मेला तथा ताजिया(दाहा) बारे बताउन |

| | | | |
|---|---|---|---|
| ३.भाषा र संस्कृति | ९.आफनो गाँउ टोलमा भाषाहरु र जातजातिहरुको  पूजाहरुको बताउन<br>१०.कक्षाका साथीहरुको जातजातिको रहन सहन बताउन<br>११. बा— आमा र गुरुको आज्ञा मान्न | १०.आफनो मातृभाषा र पहिरनको नाम भन्न<br>११.सानालाई माया र ठूलालाई आदर गर्न<br>१२.आ-आफनो परिवारको कुलदेवता तथा ग्रामदेवताको नाम बताउन<br>१३.स्थानीय बाजाको परिचय | १०.गौर न.पा.मा बोलिने भाषाहरुको सामान्य जानकारी दिन्न<br>११.नाता सम्बन्धि (मातृभाषाका अधारमा) विभिन्न नाता सम्बन्धी चिनारी गराउन<br>१२.गौर न.पा.मा मनाइने मुख्य चाडपर्वको नाम र नाचगान बारे जानकारी<br>१३.स्थानीय रीतिरिवाज बारे जानकारी गराउन |
| ४.उद्यमशीलता | १२.परिवारका सदस्यहरुले गर्ने पेशा र व्यवसायको नाम बताउन<br>१३.घरमा गरिने तरकारी खेती,अन्नबाली,नगदेबाली,फलफूल र जडीबुटीको पहिचान गर्न<br>१४.आफनो वरपर रहेका उधोगहरुको नाम बताउन<br>१५.घरपालुवा पशुपन्छीको नाम बताउन | १४.स्थानीय स्तरमा अपनाइने पेसा र व्यवसायको नाम बताउन<br>१५.आफनो समुदायमा गरिने तरकारी खेती,अन्नबाली,नगदेबाली,फलफूल र जडीबुटीको पहिचान गर्न<br>१६.घर तथा स्थानीय स्तरमा प्रयोग गरिने आधुनिक प्रविधिहरुका नाम बताउन<br>१७.स्थानीय स्तरमा रहेका उधोग तथा कलकारखानाहरुको नाम बताउन | १४.पेशालाई वर्गीकरण गर्न<br>१५.स्थानीय स्तरका व्यावसायिक पेशाहरुको नाम बताउन<br>१६.स्थानीय उधोगहरुको सामान्य परिचय दिन<br>१७..गौर न.पा.मा गरिने तरकारी खेती,अन्नबाली,नगदेबाली,फलफूल र जडीबुटीको पहिचान गर्न<br>१८.स्थानीय र आधुनिक प्रविधिहरुको पहिचान तथा वर्गीकरण गर्न |

| | | | |
|---|---|---|---|
| ५.नैतिक शिक्षा र आचरण | १६.परिवारभित्र गरिने सामान्य सम्बोधन पहिचान गरी सम्बोधन गर्न सोही अनुरुप व्यवहार गर्न<br>१७.साथी समूहसंग घुलमिल,मिलेर बस्ने र ठूलाबडालाई आदर र सानालाई माया गर्न | १८.आफना साथी समूहसंग समान र व्यवहार र सहयोग आदान प्रदान गर्न<br>१९.ठूलालाई सम्मान,सानालाई माया र सहयोग गर्न<br>२०.सहयोग र मेलमिलाप कार्यमा सहभागी हुन<br>२१.अनुशासन र गुरुको आज्ञापालन | १९.घर परिवारमा सामूहिक कार्यमा संलगन हुन<br>२०.ठूलाले भनेको कार्य गर्न<br>२१.परिवार र विधालयका नियम पालना गर्न<br>२२.सहयोगी भावनाको अभिवृद्धि र सामानको सुरक्षा गर्न |
| ६.वातावरण र सरसफाई | १८.वरपरका वोटविरुवाको पहिचान गर्न<br>१९.व्यक्तिगत सरसफाई<br>२०.फोहोरमैलाको पहिचान गर्न<br>२१.घर तथा विधालयमा गरिने वृक्षारोपणमा सहयोग गर्न | २२.व्यक्तिगत सरसफाइ,आफनो कोठा र घरको सफाइ गर्न<br>२३.कम्मर,टाउको,शारिरिक कसरत गर्न<br>२४.बगैंचाको परिचय दिन<br>२५.बोटबिरुवाको संरक्षणमा सहयोग गर्न<br>२६.फोहोरमैलाको परिचय र प्रकार (कुहिने र नकुहिने)बताउन | २३.जङकफुड पहिचान गर्न र यसको असर बताउन<br>२४.स्थानीय स्तरमा निर्मित खाना,खाजाको पहिचान गर्न<br>२५.शारिरिक वृद्धि गर्ने,शक्ति दिनेर सुरक्षा गर्ने खानाको पहिचान गर्न |
| ७.संस्था , व्यक्ति र शहिदको परिचय | २२.वडामा भएका संस्थाहरु (विधालय, पुस्तकालय, वडाकार्यालय,धर्मशाला)को नाम भन्न<br>२३.वडा अध्यक्ष र विधालयको प्र.अ.को नाम भन्न<br>२४.विशिष्ट व्यक्तिहरुको अनुशरण गर्न | २७.वडामा भएका संस्थाहरुको नाम भन्न (विधालय,धर्मशाला,वडाकार्यालय)<br>२८..विधालयका प्र.अ.र शिक्षकहरुको नाम भन्न<br>२९.स्थानीय विशिष्ट व्यक्तित्वहरुको योगदान बारे बताउन गर्न | २६.स्थानीय अग्रजहरु तथा विशिष्ट व्यक्तिहरुको पहिचान गर्न<br>२७.शहीदहरुको नाम बताउन<br>२८.विशिष्ट व्यक्तित्वहरुले पुर्याएको योगदान बताउन |

## १०.विषयवस्तुको क्षेत्र र क्रम (कक्षा १-३)

**तालिका नम्बर २**

| विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| १.गौरको परिचय | * आफू बसेको टोल र नगरपालिकाको नाम र परिचय<br>* आफू बसेको टोलको सिमानाको जानकारी<br>* आफनो टोलको विशेषता<br>* आफू बसेको छिमेकी साथीको नाम<br>* आफु बसेको गाँउ/सहरको ठेगाना (मातृभाषामा)<br>* आफनो विधालयको परिचय (स्थापना, शिक्षक,विधार्थी,खेल मैदान, कक्षाकोठा, विधालय जाने बाटो) | *वडाको समान्य परिचय<br>*गौर नगरपालिकाको प्रमुख,उपप्रमुख र आफ्नो वडा अध्यक्षको नाम<br>*वडाको सिमाना र नदी,खोलाको अवस्थिति<br>*आफू बसोबास गरेको वडाको मुख्य बस्तीहरुको पहिचान | *आफू बसोबास गरेको नगरपालिकाको नाम र कूल वडा संख्या<br>*आफ्नो नगरपालिकाको सिमाना<br>*पालिकाको नक्सामा आफनो वडाको पहिचान गरी रङ भर्न<br>*आफनो नगरपालिका भित्रका मुख्य मुख्य सडकहरुको नाम र अवस्थिति<br>*आफू बसोबास गरेको वडा सदस्यहरुको पहिचान |
| २.धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थल | *स्थानीय नदी तथा तालको नाम<br>*वडाको विभिन्न मन्दिर र मस्जिदहरुको नाम<br>*घर परिवारमा मनाइने पर्वहरु ,पूजा पाठहरुको नाम<br>*गौरको राम मन्दिरको परिचय | *ऐतिहासिक तथा पर्यटकीय स्थलको पहिचान<br>*स्थानीय मेलाको परिचय<br>*पुरेनवा दरवारको अवस्थिति<br>*झोलुङे पुल र घंण्टा घरको परिचय | *स्थानीय मठ मन्दिरको सामान्य परिचय<br>*न.पा.भित्रका धार्मिक,ऐतिहासिक,सांस्कृतिक सम्पदाको नाम र परिचय<br>*पुरेनवा दरबार र घंण्टा घरको चिनारी<br>*झण्डा , मेला तथा ताजिया(दाहा) को परिचय र महत्व |
| ३.भाषा र संस्कृति | *आफनो गाँउ टोलमा वोलिने भाषाहरु र जातजातिहरुको पूजाहरुको नाम<br>*कक्षाका साथीहरुको जातजातिको रहन सहन | *आफनो मातृभाषा र पहिरनको नाम<br>*सानालाई माया र ठूलालाई आदर<br>*आ-आफनो परिवारको कुलदेवता तथा | *गौर न.पा.मा वोलिने भाषाहरुको सामान्य जानकारी<br>*नाता सम्बन्ध (मातृभाषाका अधारमा) विभिन्न नाता सम्बन्धी चिनारी |

| | | | |
|---|---|---|---|
| | नाम<br>*बा आमा गुरुको आज्ञा मान्न | ग्रामदेवताको नाम<br>*स्थानीय बाजाको परिचय | *गौर न.पा.मा मनाइने मुख्य चाडपर्वको नाम र नाचगान बारे जानकारी<br>*स्थानीय रीतिरिवाज बारे जानकारी |
| ४.उद्यमशीलता | *परिवारका सदस्यहरुले गर्ने पेशा र व्यवसायको नाम<br>*घरमा गरिने तरकारी खेती,अन्नबाली,नगदेबाली,फलफूल र जडीबुटीको पहिचान<br>*आफनो वरपर रहेका उधोगहरुको नाम<br>*घरपालुवा पशुपन्छीको नाम | *आफनो स्थानीय स्तरमा अपनाइने पेसा र व्यवसायको नाम<br>*आफनो समुदायमा गरिने तरकारी खेती,अन्नबाली,नगदेबाली,फलफूल र जडीबुटीको पहिचान<br>*घर तथा स्थानीय स्तरमा प्रयोगमा गरिने आधुनिक प्रविधिहरुका नाम<br>*स्थानीय स्तरमा रहेका उधोग तथा कलकारखानाहरुको नाम | *पेशालाई वर्गीकरण (कृषिमा अधारित र गैर कृषिमा आधारित)<br>*स्थानीय स्तरका व्यावसायिक पेशाहरुको नाम<br>*स्थानीय उधोगहरुको सामान्य परिचय<br>*गौर न.पा.मा गरिने तरकारी - खेती, अन्नबाली, नगदेबाली, फलफूल र जडीबुटीको पहिचान<br>*स्थानीय र आधुनिक प्रविधिहरुको पहिचान तथा वर्गीकरण |
| ५.नैतिक शिक्षा र आचरण | *परिवार भित्र गरिने सामान्य सम्बोधन पहिचान<br>*साथी समुहसंग घुलमिल,मिलेर बस्ने र ठूलाबडालाई आदर र सानालाई माया | *आफना साथी समूहसंग समान व्यवहार र सहयोग आदान प्रदान<br>*ठूलालाई सम्मान,सानालाई माया र सहयोग<br>*सहयोग र मेलमिलाप कार्यमा सहभागी<br>*अनुशासन र गुरुको आज्ञापालन | *घर परिवारमा सामूहिक कार्यमा संलगन<br>*ठूलाले भनेको कार्य<br>*परिवार र विधालयका नियम पालना<br>*सहयोगी भावनाको अभिवृद्धि र आफनो समानको सुरक्षा |
| ६.वातावरण र सरसफाई | *आफनो वरपरका वोटविरुवाको पहिचान<br>*व्यक्तिगत सरसफाई<br>*फोहोरमैलाको पहिचान<br>*घर तथा विधालयमा गरिने वृक्षारोपणमा सहयोग | *व्यक्तिगत सरसफाइ,आफनो कोठा र घरको सफाइ<br>*कम्मर,टाउको,शरीरको कसरत<br>*बगैंचाको परिचय<br>*बोटबिरुवाको संरक्षणमा सहयोग | *जङकफुड पहिचान र यसको असर<br>*स्थानीय स्तरमा निर्मित खाना,खाजाको पहिचान<br>*शारिरिक वृद्धि गर्ने,शक्ति दिने र सुरक्षा गर्ने खानाको पहिचान |

| | | | |
|---|---|---|---|
| | | *फोहोरमैलाको परिचय र प्रकार(कुहिने र नकुहिने ) | |
| ७.संस्था ,व्यक्ति र शहिदको परिचय | *वडामा भएका संस्थाहरु (विधालय, पुस्तकालय,वडा कार्यालय,धर्मशाला)को नाम<br>*वडा अध्यक्ष र विधालयको प्र.अ.को नाम<br>*विशिष्ट व्यक्तिहरुको अनुशरण | *वडामा भएका संस्थाहरुको नाम (विधालय, धर्मशाला,वडा कार्यालय)<br>*विधालयका प्र.अ.र शिक्षकहरुको नाम<br>*स्थानीय विशिष्ट व्यक्तित्वहरुको परिचय | *विशिष्ट व्यक्तित्वहरुको असल कार्यको अनुशरण<br>*स्थानीय अग्रजहरु तथा विशिष्ट व्यक्तिहरुको पहिचान<br>*शहिदहरुको नाम |

## ११.विषयक्षेत्र अनुसार अनुमानित कार्य घण्टा

**तालिका नं.३**

| क्र.सं. | क्षेत्र | कार्य घण्टा | | |
|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| १. | गौरको परिचय | २६ | २७ | २९ |
| २. | धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थल | २६ | २२ | २३ |
| ३. | भाषा र संस्कृति | २० | २२ | २३ |
| ४. | उद्दयमशीलता | २६ | २२ | २८ |
| ५. | नैतिक शिक्षा र आचरण | १६ | २२ | २३ |
| ६. | वातावरण र सरसफाइ | २६ | २७ | १७ |
| ७. | संस्था र व्यक्ति परिचय | २० | १८ | १७ |
| | **जम्मा** | १६० | १६० | १६० |

१२.विषयवस्तुको विस्तृतिकरण

(क) कक्षा १ 		तालिका नम्बर ४

| क्षेत्र | सिकाइ उपलव्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतिकरण | संभाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|---|
| १. गौरको परिचय | १. आफू बसेको टोल, नगरपालिकाको नाम र सिमाना बताउन<br>२. आफू बसेको छिमेकी साथीको नाम बताउन<br>३. आफू बसेको गाँउ/ सहरको ठेगाना बताउन (मातृभाषामा)<br>४. विधालयको नाम बताउन | *स्थानीय परिचय<br>*हाम्रो छिमेकी<br>*स्थानीय बिधालय | *हाम्रो गौर नगरपालिका (पालिकाको नाम र आफू बस्ने टोलको नाम)<br>* आफू बसेको टोलको(नक्सा)<br>*मेरो छिमेकी साथीको नाम र आफू बस्ने टोलको नाम (मातृभाषामा)<br>*मेरो बिधालयको नाम र ठेगाना | *शिक्षक आफै बसेको पालिकाकाको चित्र प्रदर्शन गरी नाम आफै भन्ने<br>*विधार्थीलाई आफू बसेको पालिका र टोलको नाम भन्न लगाउने ।<br>*विद्याथीलाई टोलको नक्सा प्रदर्शन गरी सिमाना भन्न लगाउने | *पालिकाको नाम तोकिएको चित्र<br>*वडाको सिमाना देखिने नक्सा<br>*छिमेकीको अर्थ झल्कने चित्र<br>*छिमेकी साथी-संग खेल्दै गरेको पोष्टर वा चित्र | *तपाईको पालिकाको नामके हो?<br>*तपाईको शिक्षक बस्ने टोलको नामके हो ?<br>*तपाई बस्ने टोलको नाम के हो ? | २६ घण्टा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थल | *सोवरनामाई मन्दिर बारे ऐतिहासिक जानकारी<br>*विभिन्न मन्दिरहरुको नाम भन्न<br>*मखतब र मदरसाको नाम बताउन<br>*नदी,तलाउ र तालको नाम बताउन<br>*बरहवा ताल र मन्दिरहरुको ठेगाना बताउन<br>*आफना घर परिवारमा मनाइने पर्वहरु,पूजापाठहरुको नाम भन्न | हाम्रो मन्दिरहरु<br>हाम्रो नदी ताल<br>हाम्रा पर्वहरु | *सोवरनामाइको नाम र अवस्थिति<br>*विभिन्न मन्दिर (बानेश्वर मन्दिर ,शिवालय मन्दिर ,हनुमान मन्दिर, रामजानकीमन्दिर)<br>*मखतब र मदरसाको नाम र अवस्थिति<br>*हाम्रा नदी ताल (नदी ताल खोला नालाको अवस्थिति,नाम)<br>*पर्वहरु (छठ,होली,दीपावलि, बैशाखी,माघे संक्रान्ति ,चौठचन, ईद,बकरीद,दशैं) | *सोवरनामाई मन्दिरको तस्वीर देखाएर छलफल र प्रश्नोतर गरेर बानेश्वर स्थानको नाम र अवस्थितिको धारणा<br>*गौर नगरपालिकामा रहेका विभिन्न मन्दिरहरुको नक्सा र चार्ट देखाई सो को नाम भन्न र चिन्न लगाउने ।<br>*मदरसाहरुको चित्र देखाई सोको नाम भन्न र चिन्न लगाउने<br>*चित्रको माध्यमबाट खोला चिनाउने<br>*बिधार्थीहरु लाई घर नजिकै खोला छ छैन भनेर सोध्ने<br>*बढी पानी भएको खोला,नाला,ताल,पोखरी,नदीमा नपस्ने भनि सिकाउने<br>*पहिला शिक्षकले घरपरिवारमा मनाइने | नक्सा,चित्र र पोष्टर | *तपाई बसेको टोलमा रहेको मन्दिरको नाम के हो?<br>*तपाईको टोलमा रहेको मदरसाको नाम के हो ?<br>*कुनै दुई मन्दिरको नाम भन्नु होस ?<br>*प्रश्नोतर (मौखिक प्रश्न)<br>*तपाइको घर नजिक रहेको खोला अथवा पोखरीको नाम भन्नुहोस ?<br>*तपाईको वडा नजिक रहेको नदीको नाम भन्नु होस ?<br>*नदीमा बढी पानी भएको बेला के गर्नु हुन्छ ? | २६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | पर्वहरुको नाम भन्ने<br>*विधार्थीहरुसंग पालैपालो घरमा मनाईने पर्वहरुको नाम भन्न लगाउने<br>*विधार्थीहरुसंग विभिन्न पर्वहरुको नाम लेख्न अभ्यास गराउने | | | |
| ३.भाषा र संस्कृति | *आफनो गाँउ टोलमा वोलिने भाषाहरुको नाम बताउन<br>*आफनो कक्षाका साथीहरुले बोल्ने प्रमुख भाषाहरुको नाम बताउन<br>* गाँउ टोलको जातजातिको नाम भन्न<br>*आफनो जातिको नाम बताउन<br>*छिमेकी जातिको नाम बताउन<br>*कक्षाका साथीहरुको जातजाति बताउन<br>*बा आमा गुरुको आज्ञा | *स्थानीय भाषा<br>*स्थानीय जातजाति<br>*सकरात्मक व्यवहार | *आफनो गाँउ टोलमा बोलिने भाषाहरु (बज्जिका,नेपाली, मैथिलि,हिन्दी,उर्दू, भोजपुरी)<br>*आफनो कक्षाका साथीहरुले बोलिने भाषाहरुको नाम(बज्जिका,नेपाली, मैथिलि,हिन्दी,उर्दु,भोजपुरी) घुलमिल गरी बस्ने<br>* घर र विधालय वरपरका जातजातिको | *पहिला शिक्षकले गाँउ,टोलमा बोलिने भाषाहरुको नाम बताउने<br>*विधार्थीहरुसंग पालैपालो आफनो गाँउ टोलमा बोलिने भाषाहरुको नाम भन्न लगाउने<br>*साथी- साथी बिच मिलेर बस्ने<br>*विधार्थीहरुसंग पालैपालो आ-आफनो जातको नाम भन्न लगाउने<br>* गाँउ टोलमा बसोबास गर्ने जातिहरुको नाम भन्न लगाउने | चित्र र श्रव्य दृश्य सामग्री<br>*घरमा आफनो मातृभाषामा सम्वाद गर्दै गरेको पोष्टर<br>*विधालयमा नेपाली भाषामा सम्वाद गर्दै गरेको पोष्टर | प्रश्नोतर<br>(मौखिक प्रश्न)<br>*तपाईले बोल्ने भाषाको नाम के हो ?<br>*तपाई आफनो साथीहरुसंग कुन भाषामा कुरा गर्नु हुन्छ ?<br>*तपाईको आमा बुवाले कुन भाषामा कुरा गर्नु हुन्छ ?<br>*तपाईको कक्षामा कसरी ढोग्नु हुन्छ?<br>*घरमा आमालाई के-के सहयोग गर्नु हुन्छ?<br>* घरमा सानाभाइ बहिनीलाई कुन-कुन | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पालन<br>*ठुलालाई आदर र सानालाई माया | | नाम (ब्राहम्ण,राजपुत,मुस्लिम,तेली,मलाह,कानु,पासवान,कलवार,यादव आदि)<br>*वरपर रहेका प्रमुख जातिहरु<br>*ठुलालाई आदर र सम्मान<br>*नाता लगाएर बोल्न लगाउने<br>*सानालाई माया र सहयोग<br>*साथी समुह संग घुलमिल गरी बस्ने | *शिक्षकले आफनो बाबु आमा,गुरु र ठुलाबडा लाई ढोग्न सिकाउने<br>*शिक्षकले अनुशासनको महत्व बताउने<br>*सानालाई माया र सहयोग गर्न सिकाउने<br>*साथी -साथी बीच मिलेर बस्न सिकाउने | | काममा सहयोग गर्नु हुन्छ ? | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.उद्यमशीलता | * परिवारको मुख्य पेशा भन्न<br>*छिमेकीको पेशा भन्न<br>* खेतमा भएको वालीहरुको नाम भन्न<br>*स्थानीय फलफूलको नाम<br>*स्थानीय तरकारीको नाम<br>*घरपालुवा पशुपन्छीको नाम<br>*घरमा र छिमेकमा प्रयोग हुने ढिकी,जाँतो,माछा मार्ने जाल,मोही पार्ने तसली | *स्थानीय पेशा<br>*स्थानीय कृषि उत्पादन<br>*स्थानीय पशुपन्छीहरु<br>*परम्परागत पेशा | * परिवार र छिमेकका पेशाहरुको नाम (नोकरी,कृषि,पसल, व्यापार,ज्यालादारी,उधोग,पशुपालन, सिलाइको काम, माटोको काम, काष्ठकला)<br>* परिवार,छिमेकका कृषि उत्पादित बालीहरुको नाम,फलफूलको नाम र तरकारीको नाम(फलफूल-तरकारी)<br>*हाम्रो वरपर पाइने पशुपन्छीहरुको नाम<br>*हाम्रो घर र छिमेकमा प्रयोग हुने परम्परागत पेशाका | *स्थानीय प्रमुख पेशा एवम व्यवसायको बारेमा साझा धारणाको रुपमा सिकाउने<br>*स्थानीय पेशा जस्तैः-गाई पालन,पापड -उधोग,बाँसको दउरी,माटोको भाँडो बारेमा बुझाउने<br>*शिक्षकले कक्षा कोठामा स्थानीय खेतको वाली(धान,मकै,गहु,दलहन, तेलहन)को नाम भनेर सिकारुहरु संग भन्न लगाउने<br>*शिक्षकले स्थानीय फलफूल (केरा,आँप,कटहर,अम्बा,मेवा आदी)को नाम भन्ने र विधार्थीहरु लाई भन्न लगाउने<br>*शिक्षकले स्थानीय तरकारी(आलु,फुल-गोभी,प्याज,टमाटर,गोलभेंडा | *विभिन्न पेशाहरु गर्दे गरेको चित्र<br>* श्रव्यदृश्य समाग्री<br>*माटोको भाँडो,छैंटी,काठको विभिन्न किसिमका सामाग्रीहरु<br>*विभिन्न स्थानीय बाली, फलफुल र तरकारीहरुको चित्र<br>*श्रव्यदृश्य समाग्री<br>*स्थानीय पशुपन्छीहरुको चित्र<br>* श्रव्यदृश्य समाग्री<br>*स्थानीय पेशा सामाग्रीको चित्र<br>* श्रव्यदृश्य समाग्री | प्रश्नोतर (मौखिक प्रश्न)<br>*तपाइको परिवारको मुख्य व्यवसाय कुन हो ?<br>*तपाईको छिमेकीको व्यवसाय कुन हो ?<br>*तपाईको टोलमा रहेको एउटा सानो उधोगको नाम के हो ?<br>*दीपावलिमा बाल्ने दीप के ले बनेको हुन्छ?<br>*छठमा प्रयोग गरिने डाला केबाट बनेको हुन्छ ?<br>प्रश्नोतर(मौखिक प्रश्न)<br>*तपाइको खेतमा हुने कुनै तिनवटा बालीको नाम भन्न ?<br>*हाम्रा वरपर पाईने फलफुलको नाम ?<br>*करेसाबारीमा हुने कुनै तीनवटा तरकारीको नाम भन ? | २६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सामाग्रीहरु | आदि)को नाम भन्ने र सिकारुहरुबाट भन्न लगाउने<br>*स्थानीय पशुपन्छी (गाई,भैंसी,बाख्रा,चराचुरुडी,) को नाम भन्ने र सिकारुहरु बाट चिन्न लगाउने<br>*विभिन्न घरपालुवा जनावर र पशुपन्छीको चित्र देखाई सिकारुहरुबाट चिन्न लगाउने | | प्रश्नोतर(मौखिक प्रश्न)<br>*तपाईको घरमा पाईने जनावरको नाम भन्नुहोस<br>*तपाईको छिमेकमा पाइने जनावरको नाम भन ?<br>*तपाईको घरमा प्रयोगमा आउने धान कुटने तथा पिठो पिसने सामाग्रीको नाम के हो? | |
| ५.नैतिक शिक्षा र आचरण | *विहानै उठ्ने र चाँडै सुत्ने<br>*साँचो बोल्ने<br>*ठूलाबडालाई आदर र सानालाई माया<br>*गुरु र ठूलाबडाको आज्ञापालन<br>*साथीहरुसंग मिलेर बस्न<br>*खानेकुरा बारे जानकारी<br>*सन्तुलित भोजन | *राम्रो आनीबानी<br>*पोषण | *हाम्रो आनीबानी(समयमा उठ्ने,साँचोबोल्ने,ठूला लाई आदर,सानालाई माया,आज्ञापालन)<br>*पोषण र सन्तुलित भोजन (दलपिठी,हरियो साग,तिस्यौरी,दाल,गेडागुडी,दूध,फलफूल) | *पहिला शिक्षकले राम्रो बानी बारे जानकारी गराउदै सिकारुहरु बाट सोध्ने<br>*राम्रो बानी बाट हुने फाईदा बारे जानकारी गराउदै सिकारुहरु बाट सोध्ने<br>*शिक्षकले सन्तुलित भोजन हरु(दलपिठी,हरियोसाग,तिस्यौरी,दाल,गेडागुडी,दूध,फलफूल) को चित्र बनाई चिन्न लगउने | *राम्रो बानी व्यहोरा सहितको चित्रहरु प्रदर्शन<br>*विभिन्न फलफुल, गेडागुडी, तरकारीको चित्र | * प्रश्नोतर(मौखिक प्रश्न) तपाई हरियो साग खानु हुन्छ ?<br>*तपाइले खाने कुनै दुई सन्तुलित खानाको नाम भन्नुहोस् ।<br>*तपाई विहान कति बजे उठनु हुन्छ ?<br>*आफूभन्दा ठूलालाई कसरी आदर गर्नु हुन्छ ?<br>*तपाई साना लाई कसरी माया गर्नु हुन्छ? | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | *तपाई साथीहरुसंग कसरी बस्नु हुन्छ | |
| ६.वातावण र सरसफाई | *व्यक्तिगत सरसफाइ<br>*कक्षाकोठा सफा राख्न<br>*हाते रुमालको प्रयोग<br>* वरपरका वोटविरुवाको नाम<br>*घरवरपर पाइने फूलका वोटहरुको नाम | *सरसफाई<br>*हाम्रो वोट विरुवा | *व्यक्तिगत सरसफाइ (हात धुने,नङ काट्ने,दाँत सफा गर्ने,नुहाउने,सफा कपडा लगाउने,हाते रुमालको प्रयोग गर्ने)<br>*हाम्रो स्थानीय बोटविरुवा र फूलको नाम(तुलसी,अमला,अदुवा,बेसार, सयपत्री, गेन्दा ,पारिजात,ओरहउल) | *पहिला शिक्षकले व्यक्तिगत सरसफाई(हात धुने,नङ काट्ने , दाँत सफा गर्ने, नुहाउने,सफा कपडा लगाउने,हाते रुमालको प्रयोग गर्ने)बारे पालै पालो जानकारी गराई बिधार्थीबाट सोध्ने<br>* हाम्रो स्थानीय बोटबिरुवा र फूलको (तुलसी, अमला, अदुवा,हल्दी,गेन्दाको फूल, ओरहउलको फूल,गुलाफको फूल,हरसिंगारको फूल)को चित्र प्रदर्शन गरी चिनाउने र भन्न लगाउने | * व्यक्तिगत सरसफाई सम्बन्धी चित्र<br>*स्थानीय बोटविरुवाहरुको चित्र | प्रश्नोतर(मौखिक प्रश्न)<br>* तपाइको घर वरपर पाईने दुई बोट बिरुवाको नाम भन्नुहोस् ।<br>*तपाइको टोलमा पाइने कुनै तिनवटा फूलको नाम भन्नुहोस्।<br>*तपाइको घरमा तुलसीको बोट छ कि छैन ?<br>*तपाई सधैं नुहाउनु हुन्छ कि हुन्न?<br>*तपाई हात सफा गरेर खानुहुन्छ कि हुन्न?<br>*तपाइ समयमा नङ र कपाल काट्नु हुन्छ कि हुन्न<br>*तपाई हातेरुमाल प्रयोग गर्नुहुन्छ कि हुन्न | २६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७.संस्था,व्यक्ति र शहिदको परिचय | *वडामा भएका संस्थाहरु<br>*विधालय,पुस्तकालय,वडा कार्यालय,धर्मशालाको नाम भन्न ।<br>*वडा अध्यक्षको नाम भन्न<br>*विधालयको प्र.अ.को नाम भन्न | *हाम्रा संस्थाहरु<br>*व्यक्ति परिचय | *हाम्रो वडामा रहेका संस्थाहरु<br>*हाम्रा वडामा रहेका प्रमुख व्यक्तिहरुको नाम(वडा अध्यक्ष, प्र.अ.को नाम) | * वडामा रहेका संस्थाहरुको नाम शिक्षकले भन्ने र विधार्थीबाट बाट भन्न लगाउने<br>*शिक्षकले वडा अध्यक्ष र अन्य शिक्षकको नाम लेखिएको चार्ट देखाई चिनाउने तथा भन्न लगाउने। | *वडामा रहेको संस्थाको चित्र<br>*चार्ट | * प्रश्नोतर(मौखिक प्रश्न)<br>*तपाइको वडामा रहेको एक संस्थाको नाम भन्नु होस ।<br>*तपाइको वडामा रहेको बिधालयको नाम के हो ?<br>*तपाइको वडामा रहेको धर्मशालाको नाम के हो<br>* प्रश्नोतर(मौखिक प्रश्न)<br>*तपाइको वडा अध्यक्षको नाम के हो<br>*तपाईको प्र.अ. को नाम के हो ?<br>*तपाइको वडा सचिवको नाम के हो ? | २० |

**विषयवस्तुको विस्तृतीकरण** **तालिका नम्बर ५**

**ख.कक्षा २**

| **क्षेत्र** | **सिकाइ उपलव्धि** | **विषयवस्तु** | **विषयवस्तुको विस्तृतिकरण** | **संभाव्य क्रियाकलाप** | **शिक्षण सामग्री** | **मूल्याङ्कन प्रक्रिया** | **पाठ्यभार** |
|---|---|---|---|---|---|---|---|
| १.गौरको परिचय | १.वडाको सामान्य परिचय दिन<br>२.आफू बसोबास गर्ने वडाको नक्साको पहिचान गरी रङ भर्न<br>३.गौर नगरपालिकाको प्रमुख,उपप्रमुख र वडा अध्यक्षको नाम बताउन<br>४.वडाको सिमान र नदी,खोलाको अवस्थिति पता लगाउन<br>५.आफू बसोबास गरेको वडाको मुख्य बस्तीहरुको पहिचान गर्न | *वडाको परिचय र नक्सा<br>*स्थानीय जनप्रतिनिधि<br>*वडाको सिमाना तथा मुख्य बस्ती | *आफू बसोबास गरेको वडाको परिचय र वडाको नक्सा<br>*स्थानीय जनप्रतिनिधि (गौर नगरपालिकाको प्रमुख,उपप्रमुख र आ-आफनो वडाको वडा अध्यक्षको नाम)<br>*आफनो वडाको सिमाना र नदी-खोलाको अवस्थिति<br>*आफू बसोबास गरेको वडाको मुख्य बस्तीहरु | *विधार्थीलाई आफू बसोबास गरेको वडाको नाम भन्न लगाउने<br>*नगरपालिकाको नक्सामा वडाको नक्सा पहिचान गर्न लगाई रङ भर्न लगाउने<br>*विधार्थीलाई नगरप्रमुख, उपप्रमुख र सम्बन्धित वडाको वडा अध्यक्षको फोटो देखाएर ती व्यक्तिहरुलाई चिन्न लगाउने र नाम भन्न लगाउने<br>*विधार्थीलाई आफनो वडाको पूर्व,पश्चिम,उतर र दक्षिण सिमानामा पर्ने स्थान तथा नदी खोलाको नाम भन्न लगाउने | *पालिकाको नाम तोकिएको चित्र<br>* वडाको सिमाना देखिने नक्सा<br>*पालिकाको जनप्रतिनिधिहरुको चित्र | *विधार्थीले वडाको परिचय दिए नदिएको हेरेर<br>*विधार्थीहरुले स्थानीय जनप्रतिनिधिहरुलाई चिनेको नचिनेको हेरेर | २७ घण्टा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थल | *धार्मिक,ऐतिहासिक तथा पर्यटकीय स्थलको पहिचान<br>*स्थानीय मेलाको परिचय<br>*पुरेनवा दरवारको अवस्थिति<br>*झोलुङे पूलको परिचय<br>* घंण्टा घरको परिचय | *स्थानीय धार्मिक,ऐतिहासिक ,पर्यटकीय स्थल तथा मेला | *स्थानीय धार्मिक, ऐतिहासिक,पर्यटकीय स्थलहरुको नाम (बानेश्वरधाम ,पुरेनवा दरबार, शिवालय पोखरी,झोलुङे पुल,घंण्टा घर )<br>*स्थानीय मेला (बानेश्वरधाम मेला, सोवरनामाई मेला, दशहरा मेला) | * गाँउ क्षेत्र भित्रका रहेका प्रमुख धार्मिक,ऐतिहासिक,र पर्यटकीय स्थलहरुको परिचय दिई चिन्न लगाउने<br>*स्थानीय नगर क्षेत्रमा लाग्ने मेलाहरुको नाम भन्न लगाउने र छलफल गराउने | *धार्मिक,ऐतिहासिक र पर्यटकीय स्थलहरु र मेलाको चित्र<br>*श्रव्यदृश्य सामाग्री | * गाँउ क्षेत्रभित्रका रहेका प्रमुख धार्मिक,ऐतिहासिक,र पर्यटकीय स्थलहरुको नाम भनेको नभनेको हेरेर<br>*आफूले देखेको मेलाको नाम भनेको नभनेको हेरेर | २२ |
| ३.भाषा र संस्कृति | *आफनो मातृभाषा र पहिरनको नाम<br>*सानालाई माया र ठूलालाई आदर<br>*आ-आफनो परिवारको कुलदेवता तथा ग्रामदेवताको नाम<br>*स्थानीय बाजाको परिचय दिन | *स्थानीय भाषा,संस्कृति र बाजा | *स्थानीय भाषाहरुको नाम(बज्जिका,मैथिली,भोजपुरी,हिन्दी,उर्दू)<br>*संस्कार( सानालाई माया र ठूलालाई आदर,आ-आफनो कुलदेवता र ग्राम देवता)<br>*स्थानीय बाजाहरु (ढोल,तासा,झाल,डम्फु, हरमोनियम,सिंहा) | *स्थानीय भाषाहरुको नाम भनि सोध्न लगाउने<br>*ठूलालाई सम्मान र सानालाई माया गर्न लगाएर<br>*शिक्षकले ग्रामदेवतको नाम भनेर विधार्थीहरुसंग सोध्ने<br>*शिक्षकले स्थानीय बाजाहरुको नाम भनि सोध्न लगाउने | *स्थानीय भाषाहरुको सूची,चित्र<br>*श्रव्यदृश्य सामाग्री | *स्थानीय भाषाहरुको नाम सोधी सथानीय भाषामा बोलेको नबोलेको सुनेर<br>* ग्राम देवता र कुलदेवतको नाम सोधेर<br>*स्थानीय बाजाहरुको चित्र बनाई नाम सोधेर | २२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.उद्यमशी लता | ⁎स्थानीय स्तरमा अपनाइने पेसा र व्यवसायको नाम<br>⁎समुदायमा गरिने तरकारी खेती,अन्नबाली,नगदेबाली,फलफूल र जडीबुटीको पहिचान<br>⁎घर तथा स्थानीय स्तरमा प्रयोगमा गरिने आधुनिक प्रविधिहरुका नाम<br>⁎स्थानीय स्तरमा रहेका उधोग तथा कलकारखानाहरुको नाम | ⁎स्थानीय पेशा र उधोग | ⁎घर परिवारको मुख्य पेशाहरुको नाम<br>⁎समुदायमा गरिने तरकारीखेती,अन्नबाली, नगदेबाली,फलफूल र जडीबुटीहरुको नाम (आलु,गोभी,टमाटर,धान,गंहु,मसुरो,उखु,आँप,केरा,लिची,तुलसी,एलोबेरा, परिजात)<br>⁎ आफनो स्थानीय स्तरमा रहेका उधोग तथाकलकारखानाहरुको नाम(चिरान,ढेकी,जाँता,) | ⁎शिक्षकले पहिला पेशाको बारेमा बताउने र विधार्थीहरुको घरको मुख्य पेशाको बारेमा सोध्ने<br>⁎शिक्षकले समुदायमा गरिने तरकारी खेती,अन्नबाली,नगदेबाली,फलफूल र जडीबुटीहरुको नाम भनि विधार्थीहरु संग सोध्ने<br>⁎शिक्षकले घर तथा स्थानीय स्तरमा प्रयोगमा गरिने आधुनिक प्रविधिहरुका नाम भनि विधार्थीहरु संग सोध्ने<br>⁎ शिक्षकले स्थानीय स्तरमा रहेका उधोग तथा कलकारखानाहरुको नाम भनि विधार्थीहरु संग सोध्ने | ⁎स्थानीय पेशहरुको नाम<br>⁎चित्र,सूची<br>⁎ श्रव्यदृश्य सामाग्री | ⁎विधार्थीरुको घरको मुख्य पेशा के हो भनि सोधेर<br>⁎ विभिन्न तरकारी खेती,अन्नबाली,नगदेबाली,फलफूल र जडीबुटीहरुको नाम सोधेर<br>⁎ घर तथा स्थानीय स्तरमा प्रयोगमा गरिने आधुनिक प्रविधिहरुका नाम सोधेर<br>⁎ स्थानीय स्तरमा रहेका उधोग तथा कलकारखानाहरुको नाम सोधेर | २२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५.नैतिक शिक्षा र आचरण | * साथी समूहको सामान र सहयोग आदान प्रदान<br>*ठूलालाई सम्मान,सानालाई माया र सहयोग<br>*सहयोग र मेलमिलाप कार्यमा सहभागी<br>*अनुशासन र गुरुको आज्ञापालन | *शिष्टाचार | *आफना साथी समूहको सामान र सहयोग आदान प्रदान<br>*ठूलालाई सम्मान,सानालाई माया र सहयोग<br>*सहयोग र मेलमिलाप कार्यमा सहभागी<br>*अनुशासन र गुरुको आज्ञापालन | *शिक्षकले साथीको समूहको सम्मान र सहयोग आदान प्रदान गरेर विधार्थीहरुलाई गर्न लगाउने<br>*शिक्षकले ठूलालाई सम्मान,सानालाई माया र सहयोग गरेको देखाएर विधार्थीहरुसंग गर्न लगाउने<br>*शिक्षकले अनुशासन र गुरुको आज्ञापालन विधार्थीहरुसंग गर्न लगाउने | *चित्र,सूची<br>* श्रव्यदृश्य सामाग्री | *घर समुदायको सम्मान सहयोग गर्छौ कि गर्दैनौ भनि सोधेर<br>*ठूलालाई आदर र सानालाई माया गर्छौ कि गर्दैनौ भनि सोधेर<br>*अनुशासन र आज्ञापालन गराएर | २२ |
| ६.वातावरण र सरसफाई | *व्यक्तिगत सरसफाइ, आफनो कोठा र घरको सफाइ<br>*कम्मर,टाउको,शरिरको कसरत<br>*बगैंचाको परिचय<br>*बोटबिरुवाको संरक्षणमा सहयोग<br>*फोहोरमैलाको परिचय र प्रकार (कुहिने र नकुहिने) | *व्यक्तिगत सरसफाई<br>*सन्तुलित भोजन<br>*बोटबिरुवा र फोहोरमैला व्यवस्थापन | * व्यक्तिगत सरसफाइ, आफनो कोठा र घरको सफाइ (दैनिक नुहाउने,हसामा नङ काट्ने,सफा लुगा लगाउने,दैनिक व्यायाम गर्ने<br>*सन्तुलित भोजन(हरियो सागपात,दलिपिठी,तिस्यौरी,राम्रो संग पकाएको खाना<br>*स्थानीय क्षेत्रमा पाईने | *शिक्षकले पहिला व्यक्तिगत सरसफाइ , आफनो कोठा र घरको सफाइ (दैनिक नुहाउने, हसामा नङ काट्ने,सफा लुगा लगाउने,दैनिक व्यायाम गर्ने बारे सिकाई विधार्थीहरु संग घरमा र विधालयमा गर्न लगाउने<br>*शिक्षकले सन्तुलित भोजनको बारेमा परिचय दिई विधार्थीहरु संग सोध्ने | *चित्र ,चार्ट, श्रव्यदृश्य सामाग्री | *व्यक्तिगत सरसफाई गरे नगरेको देखेर<br>*सन्तुलित भोजन खाने गरेको वा नगरेको सोधेर<br>*बोटबिरुवाको संरक्षण गरेको वा नगरेको सोधेर<br>*कुहिने र नकुहिने वस्तु छुटयाएको देखाएर | २७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | बोटबिरुवाकोवर्गीकरण<br>*फोहोरमैलाको परिचय र प्रकार(कुहिने र नकुहिने) | *स्थानीय क्षेत्रमा पाईने बोटबिरुवाहरुको परिचय दिई विधार्थीहरु संग सोधन लगाउने<br>*फोहरमैलाको परिचय दिई कुहिने र नकुहिने वस्तुहरुको पहिचान गर्न लगाउने | | | |
| ७.संस्था, व्यक्ति र शहिदको परिचय | *वडामा भएका संस्थाहरुको नाम (विधालय,धर्मशाला,वडा कार्यालय)<br>*विधालयका प्र.अ.र शिक्षकहरुको नाम<br>*स्थानीय विशिष्ट व्यक्तित्वहरुको योगदान | *हाम्रो संघ संस्थाहरु<br>*विशिष्ट व्यक्तित्वहरु | *वडामा भएका विधालय,धर्मशाला,वडा कार्यालय आदिको परिचय<br>*विधालयका प्र.अ.र शिक्षकहरुको नाम<br>*स्थानीय विशिष्ट व्यक्तिहरु(तुङ शमशेर,पंडित मंगल प्रसाद उपाध्याय) | *वडामा भएका विधालय,धर्मशाला,वडा कार्यालय आदिको परिचय दिई विधार्थीहरुसंग सोध्ने<br>* विधालयका प्र.अ.र शिक्षकहरुको नाम भनि विधार्थीहरु सग सोधन लगाउने<br>*स्थानीय विशिष्ट व्यक्तिहरुको परिचय दिई सोधन लगाउने | *चित्र,सुची,चार्ट, श्रव्यदृश्य सामाग्री | * वडामा भएका विधालय,धर्मशाला, वडा कार्यालय आदिको परिचय दिए नदिएको सोधेर<br>* विधालयका प्र.अ. र शिक्षकहरुको नाम सोधेर स्थानीय विशिष्ट व्यक्तिहरुको परिचय दिए नदिएको सुनेर | १८ |

विषयवस्तुको विस्तृतीकरण

(ग) कक्षा ३ तालिका नम्बर ६

| क्षेत्र | सिकाइ उपलव्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतिकरण | संभाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|---|
| १.गौरको परिचय | *आफू बसोबास गरेको नगरपालिकाको नाम र कुल वडा संख्या<br>*आफनो नगरपालिकाको सिमाना<br>*पालिकाको नक्सामा आफनो वडाको पहिचान गरी रङ भर्न<br>*आफनो नगरपालिका भित्रका मुख्य मुख्य सडकहरुको नाम र अवस्थिति<br>*आफू बसोबास गरेको वडा समितिको पहिचान | *नगरपालिकाको परिचय र सिमाना<br>*जिल्लाको नक्सा र नगरभित्रको मुख्य सडक<br>*वडा समितिका सदस्यहरु | *आफू बसोबास गरेको नगरपालिकाको नाम र पालिकामा भएका कुल वडा संख्या<br>*नगरपालिकाको सिमाना<br>*पालिकाको नक्सामा आफनो वडाको पहिचान गरी रङ भर्न<br>*रौतहट जिल्लाको नक्सामा आफनो नगरपालिका<br>*नगरपालिका भित्रका मुख्य सडकहरु<br>*आफू बसोबास गरेको वडा समितिका सदस्यहरुको पहिचान (वडा अध्यक्षको नाम र सदस्यहरुको नाम) | *शिक्षकले आफू बसोबास गरेको नगरपालिकाको नाम र कुल वडा संख्या समेत कति छन भन्न लगाउने<br>*शिक्षकले नगरपालिकाको नक्सा देखाई आफनो नगरपालिकाको पूर्वपश्चिम, उतर र दक्षिण सिमानामा रहेका स्थानीय तहहरुको नाम भन्न लगाउने<br>* पालिकाको नक्सामा आफनो वडाको पहिचान गर्न तथा रङ भर्न लगाउने<br>*जिल्लाको नक्सामा आफनो नगरपालिका खोजेन लगाउने<br>*नगरपालिकाको मुख्य सडकको नाम बताउन | *नक्सा,चित्र,चार्ट ,श्रव्यदृश्य सामाग्री | *विधार्थीहरुले आफनो वडा समितिका सदस्यहरुको नाम भन्न सकेको नसकेको हेरेर<br>*नक्सा हेरी आफनो वडा चिन्न सकेको नसकेको हेरेर<br>*खाली नक्सामा आफ्ना वडा चिन्हे नचिनेहेको हेरेर<br>*बसोबास गरेको वडामा अवस्थित मुख्य सडकहरुको नाम भन्न लगाएर | २९ घण्टा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | लगाउने<br>*प्रत्येक वडामा रहेका वडा समितिमा रहने सदस्य सङ्ख्या भन्न लगाउने | | | |
| २.धार्मक, ऐतिहाक तथा पर्यटकीय स्थल | *स्थानीय मठ मन्दिरको सामान्य परिचय<br>*न.पा.भित्रका धार्मिक ,ऐतिहासिक,सांस्कृतिक सम्पदाको नाम र परिचय<br>*पुरेनवा दरबार र घंण्टा घर को चिनारी<br>*झण्डा मेला तथा ताजिया(दाहा) को परिचय र महत्व | *स्थानीय मठ मन्दिरहरु<br>*ऐतिहासिक र पर्यटकीय स्थल | *स्थानीय मठमन्दिरहरु (बानेश्वरधाम,सोवरनाई मन्दिर,रामजानकी मन्दिर,हनुमानमन्दिर, बडी मस्जिद)<br>*ऐतिहासिक र पर्यटकिय स्थलहरु (झुलुङे पुल,पुरेनवा दरवार,बानेश्वर धाम , शिवालय पोखरी र घंण्टा घर)<br>*झण्डा मेला तथा ताजिया(दाहा)(सोवरनामाई मेला,दशहरा मेला,मोहर्रमा लाग्ने दाहा) | *शिक्षकले स्थानीय मठ मन्दिर र मस्जिदको चित्र देखाई चिन्न लगाउने<br>*शिक्षकले स्थानीय ऐतिहासिक र पर्यटकीय स्थलहरुको चित्र देखाई चिन्न लगाउने<br>*शिक्षकले स्थानीय विभिन्न किसिमका मेला तथा दाहाहरुको चित्र बनाई चिन्न लगाउने | *चित्र,चार्ट, श्रव्यदृश्य सामाग्री | *स्थानीय मठ,मन्दिर र मस्जिदको नाम भन्न सक्ने नसक्ने हेरेर<br>* स्थानीय ऐतिहासिक र पर्यटकिय स्थलहरुको चित्र देखाई चिन्न सक्ने नसक्ने हेरेर<br>* स्थानीय विभिन्न किसिमका मेला तथा दाहाहरुको चित्र बनाई चिन्न सक्ने नसक्ने हेरेर | २३ |
| ३.भाषा र संस्कृति | *गौर न.पा.मा वोलिने भाषाहरुको सामान्य जानकारी<br>*नाता सम्बन्ध (मातृभाषाका अधारमा) | *स्थानीय भाषा र नाता<br>*स्थानीय चाडपर्व र रीतिरिवाज | *स्थानीय भाषा र नाता स्थानीय भाषाहरुको नाम (बज्जिका,मैथिली ,भोजपुरी,हिन्दी,उर्दु)<br>*नाताहरु(बुवा,आमा,बाजे,बज्यै, | *शिक्षकले स्थानीय भाषाहरुको सूची बाट आफनो भाषाको नाम भन्ने र विधार्थीहरु बाट पालै पालो आ-आफनो भाषा बोल्न | *स्थानीय भाषाको सूची<br>*श्रव्यदृश्य सामाग्री<br>*नाता | *विधार्थीहरु संग पालै पालो आफनो भाषाको नाम र आफनो भाषामा छोटो परिचय दिए नदिएको हेरेर | २३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विभिन्न नाता सम्बन्धी चिनारी<br>*गौर न.पा.मा मनाइने मुख्य चाडपर्वको नाम र नाचगान बारे जानकारी<br>*स्थानीय रीतिरिवाज बारे जानकारी | | काका,काकी,चाचा,चाची,नाना, नानी,मामा,मामी,दाईदिदी,भाइ बहिनी)<br>*स्थानीय चाडपर्व र रीतिरिवाजहरु(छठ,होली,दिपाव ली,दशैं,ईद,बकरिद,जितिया पर्व,झिझिया) | लगाउने<br>*शिक्षकले पहिला बुवा र आमा पक्षको नाता बारे छलफल गरि सूची द्वारा बताउने र विधार्थीहरुलाई भन्न लगाउने<br>*विभिन्न स्थानीय पर्वको सूची देखाएर विधार्थीहरु लाई त्यसको छोटो परिचय दिई विधार्थीहरु संग पालै पालो भन्न लगाउने | सम्बन्धको चित्र सहितको सूची<br>*विभिन्न पर्वहरुको सूची | *आमा र बुवा पक्षको विभिन्न नाता सम्बन्ध मध्ये कुनै एकको बारेमा भन्न लगाएर (आमाको बहिनी तपाईको नातामा के पर्छ?)<br>*जितिया पर्वको महत्व बारे जवाफ दिए नदिएको हेरेर<br>*छठ पर्वको महत्व बताउन लगाएर | |
| ४.उद्यमशिलता | *पेशालाई वर्गीकरण गर्न<br>*स्थानीय स्तरका व्यावसायिक पेशाहरुको नाम बताउन<br>*स्थानीय उधोगहरुको सामान्य परिचय दिन<br>*स्थानीय र आधुनिक प्रविधिहरुको पहिचान तथा वर्गीकरण गर्न | *हाम्रो पेशा<br>*स्थानीय उधोग<br>*कृषि उत्पादन | *पेशाहरु(नोकरी,राजमिस्त्री,ज्या लादारी,ई-रिक्सा,होटल व्यवसाय)<br>*स्थानीय उधोगहरु(फर्निचर उधोग,पापड उधोग,डेरी उधोग,ग्रिल उधोग,ब्याग उधोग)<br>*कृषि उत्पादनहरु( तरकारी खेती, अन्नबाली,नगदेबाली, फलफूल,तुलसी,निम) | *शिक्षकले विभिन्न पेशाहरुको सूची देखाई त्यसको छोटो परिचय बारे छलफल गरि विधार्थीहरु संग पालै पालो सोध्ने<br>*शिक्षकले स्थानीय विभिन्न उधोगहरुको सूची देखाई ति उधोगहरु रहेको स्थान र त्यसको बारेमा छोटो परिचय दिई विधार्थीहरुलाई भन्न | *सूची,चित्र सहितको चार्ट<br>*उधोगहरुको चित्र<br>*फलफूल तथा तरकारीहरुको चित्र | *तपाईको बुवाले कुन पेशामा संलगन हुनु हुन्छ जवाफ दिए नदिएको हेरेर<br>*तपाईलाई मन पर्ने कुनै एक पेशाको नाम भन्न लगाएर<br>*हाम्रो गौर न.पा.मा संचालित कुनै एक उधोगको नाम सोध्न | २८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | *गौर न.पा.मा गरिने तरकारी खेती,अन्नबाली,नगदेबाली ,फलफूल र जडीबुटीको पहिचान गर्न | | | लगाउने<br>*स्थानीय विभिन्न कृषि उत्पादन,जडीबुटी तथा फलफूलको चित्र सहितको चार्ट देखाई त्यसको सामान्य परिचय बारे छलफल गरि विधार्थीहरु लाई भन्न लगाउने | | लगाएर<br>*हाम्रो स्थानीय कुनै दुई तरकारीको नाम भन्न लगाएर<br>*स्थानीय कुनै दुई फलफूलको नाम भन्न लगाएर | |
| ५.नैतिक शिक्षा र आचरण | *घर परिवारमा सामूहिक कार्यमा संलगन हुन<br>*ठूलाले भनेको कार्य गर्न<br>*परिवार र विधालयका नियम पालना गर्न<br>*सहयोगी भावनाको अभिवृद्धि र आफनो समानको सुरक्षा गर्न | *हाम्रो आनीबानी<br>*हाम्रो संस्कार | *हाम्रो आनीबानी(घर परिवारमा हुने सामुहिक कार्यमा आफूले गर्न सक्ने कार्यमा सहयोग गर्ने<br>*आफनो घरको तथा छरछिमेकको मान्यजन लाई आदर गर्ने<br>*बिधालयमा गुरुजनलाई आदर गर्ने<br>*आफनो परिवार तथा विधालयको नियमलाई पालना गर्ने<br>*आफना कनिष्ठ भाई बहिनी तथा विधालयमा साथीहरु संग मिलिजुली बस्ने | *शिक्षकले घर परिवारमा हुने सामुहिक कार्यको बारेमा विधार्थीहरु संग छलफल गरि त्यसमा सहयोग गर्ने भावनाको विकास गर्ने<br>*आफनो घरपरिवार तथा छिमेकमा मान्यजनहरु लाई आदर गर्ने बानीको बारेमा विधार्थीहरुलाई सिकाउने र सो सम्बन्धमा समुह छुट्याई गर्न लगाउने<br>*विधालयमा गुरुजनलाई आदर गर्ने बारेमा जानकारी गराउने<br>*आफना कनिष्ठलाई माया र | *चित्र<br>*श्रव्यदृश्य सामाग्री | *आफनो घरमा हुने सामुहिक कार्यहरु मध्ये कुनै दुईको नाम भन्न लगाएर<br>*आफनो मान्यजनलाई कसरी आदर गर्ने भनी लगाएर<br>*आफना गुरुलाई कसरी आदर गर्ने भनी लगाएर<br>*आफना कनिष्ठलाई माया गर्ने एउटा उदाहरण गरे नगरेको हेरेर<br>*आफना साथीहरु संग | २३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | साथीहरु संग मिलेर बस्ने बानीको बारेमा छलफल गरी सिकाउने र विधार्थीहरुलाई गर्न लगाउने | | मिलिजुली बस्ने एउटा नमुना साथीहरु संग देखाएर | |
| ६.वातावरण र सरसफाई | *वृक्षारोपणको महत्व<br>*जङकफुड पहिचान गर्न र यसको असर बताउन<br>*स्थानीय स्तरमा निर्मित खाना,दिवाखाजाको पहिचान गर्न<br>*शारिरिक वृद्धि गर्ने,शक्ति दिने र सुरक्षा गर्ने खानाको पहिचान गर्न | *हाम्रो वातावरण<br>*स्वास्थय खानपान र सरसफाई | *आफनो घर वरपर वृक्षारोपण गराउन सहयोग गर्ने<br>*हरियो वृक्षको महत्व वातावरणमा<br>* जङकफुड पहिचान र यसको असर<br>* स्थानीय स्तरमा निर्मित खाना,दिवाखाजाको पहिचान<br>*शारिरिक वृद्धि गर्ने,शक्ति दिने र सुरक्षा गर्ने खानाको पहिचान | *शिक्षकले घर वरपर वृक्षारोपण गर्दा वातावरणमा हुने प्रभावबारे विधार्थीहरुलाई बुझाई भन्न लगाउने<br>*शिक्षकले जङकफुडको पहिचान र यसको असर बारे जानकारी गराई विधार्थीहरु संग पालैपालो सोध्ने<br>*शिक्षकले स्थानीय स्तरमा निर्मित खाना,दिवाखाजामा दिने प्रकारको नाम भन्न लगाएर<br>*शिक्षकले शारिरिक वृद्धि गर्ने,शक्ति दिने र सुरक्षा गर्ने खानाको पहिचान गरी विधारथीहरु लाई जानकारी गराई विधार्थीहरु संग पालैपालो भन्न लगाउने | *चित्र<br>*श्रव्यदृश्य सामाग्री<br>*दिवाखाजाको सूची | *तपाईको घरमा वृक्षारोपण भएको छ छैन भन्न लगाएर<br>*वृक्षारोपण बाट वातावरणमा हुने एक प्रभाव बारे भन्न लगाएर<br>*जङकफुड बाट हुने एउटा बेफाईदा भन्न लगाएर<br>* शारिरिक वृद्धि गर्ने,शक्ति दिने र सुरक्षा गर्ने खानाको नाम भन्न लगाएर | १७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७.संस्था , व्यक्ति र शहिदको परिचय | *वडा स्वास्थय चौकी,वडाको विधालय<br>*विशिष्ट व्यक्तित्वहरुको असल कार्यको अनुशरण गर्न<br>*स्थानीय अग्रजहरुको पहिचान गर्न | *हाम्रो संस्था<br>*विशिष्ट व्यक्ति | *वडा स्वास्थय चौकी बाट प्रवाह हुने सेवाहरु<br>*वडामा रहेको विधालयमा पढाई हुने कक्षा र शिक्षक संख्या<br>* विशिष्ट व्यक्तित्वहरुको असल कार्यको अनुशरण<br>*स्थानीय अग्रजहरुको पहिचान | *वडा स्वास्थय चौकी बाट प्रवाह हुने सेवाहरु बारे विधार्थीहरु लाई सिकाएर उनीहरु संग पालै पालो सोध्ने<br>*आ-आफनो वडामा रहेको विधालयमा पढाई हुने कक्षा र शिक्षक संख्या बारेमा छलफल गरि विधार्थीहरु संग आ-आफनो वडाको बारेमा भन्न लगाउने<br>*विशिष्ट व्यक्तिहरुमध्ये कुनै एकको असल कार्यहरुको सूची देखाई सो बारेमा छलफल गरि विधार्थीहरु लाई भन्न लगाउने<br>*स्थानीय अग्रजहरुको बारेमा परिचय गराई विधार्थीहरुसंग आफ्नो नजिकको अग्रजको बारेमा भन्न लगाउने | *वडा स्वास्थय चौकीको विभिन्न सेवाहरुको चार्ट<br>*विधालयहरुको सूची<br>*विशिष्ठ व्यक्ति तथा अग्रजहरुको सूची | *वडाका स्वास्थय चौकीले दिने सेवाहरु मध्ये कुनै दुई सेवाको नाम भने नभनेको हेरेर<br>*आफ्नो वडाको विधालयमा पढाई हुने कक्षा र शिक्षकको संख्या बताउन सके नसकेको हेरेर<br>*विशिष्ठ व्यक्तिहरु मध्ये कुनै एकको नाम भन सके नसकेको हेरेर<br>*विशिष्ठ व्यक्तिको कुनै एक योगदान भन सके नसकेको हेरेर<br>*आफ्नो नजिकको कुनै दुई अग्रजको नाम भन सकेको वा नसकेको हेरेर | १७ |

## १३.शिक्षण सिकाइ योजना निर्माण

गौर नगरपालिकाको आधारभूत कक्षा १-३ को स्थानीय विषयको पाठ्यक्रममा ७/८ वटा विषय क्षेत्र समेटिएका छन् ।प्रत्येक क्षेत्रको विषयस्तु फरक फरक प्रकृतिको भएको हुनाले शिक्षण सिकाइ योजना निर्माण गर्दा उक्त कुरालाई ध्यान दिनु पर्दछ ।कक्षा १-३ पाठ्यक्रम एकीकृत ढाँचामा निर्माण गरिएको छ।उक्त पाठ्यक्रममा समाबेस भएका विषयहरु बहुविषय र अन्तरविषय ढाँचामा प्रस्तुत गरिएका भए पनि स्थानीय विषय हाम्रो गौर नगरपालिकाको विषय पाठ्यक्रमको विद्यार्थी मूल्याङ्कन एकीकृत पाठ्यक्रमले अबलम्बन गरेको मूल्याङ्कन पद्धतिको ढाँचामा प्रस्तुत गरिएको छ ।पाठ्यक्रमले निर्धारण गरेका लक्षित सिकाइ उपलब्धिहरु हासिल गराउन सक्ने बनाउनु शिक्षकको प्रमुख दायित्व हो

**सिकाइको योजना निर्माणगर्दा निम्नलिखित पक्षहरूलाई समेत ध्यान दिनुपर्छ :-**

⁎ सिकाइ योजना निर्माणगर्दा विषयवस्तुलाई दैनिक जीवनसँग अधिकतम सम्बन्ध कायम हुने गरी निर्धारित विषयक्षेत्रको वरिपरि आआफ्नो विषयक्षेत्रगत अवधारणा तथा सीपहरू हासिल गराई निर्धारित सिकाइ उपलब्धि प्राप्त हुने व्यवस्था मिलाउनुपर्छ ।

⁎ सबै विद्यार्थीहरुलाई अधिकतम सहभागी बनाउने, गरेर तथा छोएर वा चलाएर सिक्ने र सिर्जनात्मकताको अभिवृद्धि हुने अवसर प्रदान गर्ने खालका शिक्षण विधि, प्रक्रिया तथा क्रियाकलापहरु छनोट गर्नु पर्दछ ।

⁎ सिकाइ क्रियाकलापले विद्यार्थीहरूमा उमेर र आवश्यकताअनुसार प्रयोग, सिकाइ, रचनात्मक तथा समालोचनात्मक सोचाइ, निर्णय तथा समस्या समाधान, अनुशासन, सहकार्य, सहानुभूतिजस्ता सीपहरुको प्रप्तिलाई सहयोग गर्नु पर्छ ।

⁎ विद्यार्थीहरूको भाषिक तथा सामाजिक पृष्ठभूमि, सिकाइकालागि विभिन्न किसिमको अपाङ्गताको अवस्थासमेतलाई विचार गरी शिक्षण सिकाइको योजना निर्माण गर्नुपर्छ ।

⁎ विद्यार्थीहरुको सिकाइ उपलब्धिको लेखाजोखा गरी उनीहरुले न्युन्तम सिकाइ सुनिश्चित गरी प्रत्येक विद्यार्थीलाई उच्चस्तरको सिकाइ सक्षमता प्राप्त गरी क्रमशःमाथिल्लो स्तरको सिकाइ गर्नसक्ने बनाउन सहयोग गर्नुपर्छ।

⁎ यथासक्य कक्षा शिक्षणको प्रबन्ध गर्नुपर्दछ । एकभन्दा बढी शिक्षकले एउटै कक्षामा विभिन्न समयमा शिक्षण गर्ने गरिए पनि टिममा छलफल गरी अन्तरविषयक र बहुविषयक शिक्षण योजना तयार गर्नुपर्छ ।

⁎ कक्षामा प्रयोग गरिने भाषाको कारण बालबालिकालाई सिकाइ क्रियाकलापमा सरिकहुन र सिक्न बाधा नहुने अवस्था सिर्जना गर्नुपर्छ ।कक्षामा यथासक्य मातृभाषा वा बहुभाषा प्रयोग गर्ने, घरपरिवार तथा समुदायमा बोलिने भाषामा सञ्चार हुन सक्ने प्रबन्ध गर्नुपर्छ ।

## १४. सिकाइ सहजीकरण बिधि र प्रक्रिया

### (क) सिकाइ सहजीकरण प्रक्रियाका रणनीति

कक्षा १-३ सम्मको सिकाइ सहजीकरण प्रक्रिया देहायबमोजिम सञ्चालन गर्नुपर्नेछ :

- विषयक्षेत्रको प्रकृति र स्वरूपका आधारमा शिक्षण विधि र प्रविधि तथा कक्षा क्रियाकलापमा विविधता कायम गरिनु आवश्यक छ । शिक्षण सिकाइ प्रक्रियालाई वैज्ञानिक, व्यावहारिक र विधार्थी अनुकूल बनाउनकालागि विविध शिक्षण विधि र प्रविधिको उपयोग, स्थानीयसाधन र स्रोत तथा उपलब्धता र बालबालिकाको व्यक्तिगत भिन्नता र क्षमताका आधारमा स्वतन्त्र रूपले सिक्ने मौका प्रदान गर्ने किसिमले कक्षा सञ्चालन गर्नुपर्नेछ ।
- विविधतालाई ध्यानमा राखेर बालबालिकाको सिकाइलाई प्रोत्साहन गर्नुपर्नेछ । शिक्षण-सिकाइ क्रियाकलाप गराउँदा खेल, गीत, कविता, कथाकथन, प्रदर्शन, श्रव्यदृश्य सामग्रीको प्रदर्शन गर्नुपर्नेछ ।
- सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई निरन्तर सिकाइमा जोड दिनुपर्नेछ ।
- विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्नुपर्नेछ ।
- शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्ने छ ।
- पठनपाठनमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकताअनुसार उपयोग गर्नुपर्ने छ।
- भाषिक कठिनाइका कारण सिकाइमा बाधा नहुने सुनिश्चित गर्न यथासम्भव बालबालिकाको मातृभाषा, घरमा बोलिने भाषामा सञ्चार गरी सिकाइ क्रियाकलापमा सञ्चालन गर्नुपर्नेछ।
- बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक र विविधतामा आधारित सिकाइ (सहजीकरण विधिको प्रयोग परियोजना कार्य), घटना अध्ययन, खोज अनुसन्धानमा आधारित शिक्षण, सहपाठी सिकाइ आदि गरी (सक्रिय सिकाइ सहजीकरण) विधि प्रयोग गर्नुपर्ने छ ।
- शिक्षक, विद्यालय तथा विद्यार्थीलाई सिकाइ सहजीकरण क्रियाकलाप चयन, सञ्चालन र मूल्याङ्कनमा आवश्यक सहयोग, निरन्तर पेसागत छलफल, सहकार्य र अनुभव आदान-प्रदान गर्दै शैक्षिक परिवर्तनका लागि सहयोगमा प्राथमिकता दिनुपर्ने छ।

## ख. सिकाइ सहजीकरण विधि र प्रक्रिया छनोटका आधारहरु

स्थानीय पाठ्यक्रमको शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गर्दा तपसिल बमोजिमका विधि र प्रक्रिया अपनाउनु पर्छ।

१. सक्षमता तथा सिकाइ उपलब्धिहरू पाठ्यक्रममाः उल्लेखित सिकाइ-उपलब्धि प्राप्त गर्न सक्ने शिक्षण विधि छनोट गर्नुपर्छ।
२. विषयवस्तुको स्वरूप विषयवस्तुको स्वरुपअनुसार शिक्षण सिकाइका रणनीति : विधि तथा प्रक्रिया छनोट गर्नुपर्दछ।
३. बालमनोविज्ञान सिकारुको इच्छा : रुचि, क्षमता तथा योग्यता, प्रवृत्ति, पूर्वज्ञान आदिलाई ध्यान दिई शिक्षण विधि छनोट गर्नुपर्दछ ।
४. स्रोत साधनहरूको उपलब्धता शिक्षण विधि तथा रणनीति आर्थिक: मानवीय, भौतिक आदि दृष्टिले उपयुक्त र स्थानीय स्रोत साधनको अधिकतम प्रयोग हुन सक्ने हुनुपर्छ ।
५. शिक्षकको योग्यता, क्षमता र रुचि शिक्षकको आफ्नो योग्यता, क्षमता, पूर्वज्ञान, आत्मविश्वास, तालिम, शिक्षणप्रतिको लगावजस्ता पक्षले पनि शिक्षण विधि तथा रणनीतिको छनोटमा प्रभाव पार्ने भएकाले उक्त पक्षहरुलाई ध्यान दिनु पर्छ।
६. स्थानीय विषयको शिक्षण गर्दा विषयको गहनताका साथै विषयवस्तुको प्रकृति, विद्यार्थीको पूर्वज्ञान, क्षमता, रुचि, स्वभाव, स्तर तथा उमेर एवम् उपलब्ध भौतिक सुविधा र शिक्षण सामग्रीका आधारमा शिक्षण विधिको छनोट गर्न आवश्यक हुन्छ ।
७. स्थानीय पाठ्यक्रममा समावेश गरिएका विषयवस्तु शिक्षण गर्नका स्थानीय स्रोतसाधान र स्थानीय ब्यक्तिहरुलाई विज्ञको रुपमा अधिकतम प्रयोग गर्नु पर्दछ ।

## ग. शिक्षण सिकाइ सहजीकरण विधिहरु

स्थानीय पाठ्यक्रमको शिक्षणगर्दा शिक्षकले कक्षा १-३ को एकीकृत पाठ्यक्रम समेत सिफारिस गरेका तपसिलमा उल्लेख भए बमोजिमका वा यस्तै प्रकारका विद्यार्थी केन्द्रित सिकाइ विधि तथा प्रक्रिया छनोट गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

१. कथाकथन एवम् गीत :यस विधिमा विषयवस्तुलाई कथाको रूपमा प्रस्तुति तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ ।
२. आगमन विधिःयसमा सूचनाहरूको संकलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्षको प्रक्रिया प्रयोग गरिन्छ ।
३. भूमिका निर्वाह–अभिनय :यसमा सन्दर्भ र भूमिकाको बारेमा छलफल तथा निर्धारण, भूमिका बहन, छलफल र निष्कर्ष निकाल्ने कार्य गरिन्छ ।
४. निर्माणात्मक कक्षाः यस विधिमा मष्तिस्क मन्थन, पाठसम्बन्धी पूर्वज्ञानको पहिचान, अन्तरक्रियात्मक कार्य जस्तै : वैयक्तिक चिन्तन, समूह कार्य, परियोजना कार्य, प्रश्नोत्तर लगायत अपनाउनु पर्छ ।
५. सहयोगात्मक कक्षा : यस विधिमा सामान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ ।

६. परियोजना कार्य : विद्यार्थीको उमेर र स्तरअनुसारका विभिन्न परियोजना कार्य दिई विद्यार्थीले आफैंले खोज्ने तथा गरेर सिक्ने अवस्था सिर्जना गर्न सकिन्छ ।

७. छलफल र प्रश्नोत्तर : यस विधिमा शिक्षक-विद्यार्थी, बीचमा प्रश्न र उत्तर गर्न सकिन्छ । प्रश्नहरूले स्मरणको प्रत्याह्वानभन्दा पनि विद्यार्थीलाई सोच्न, कारण खोज्न, सिर्जनात्मक तथा रचनात्मक सोचाइलाई प्रोत्साहन गर्न सक्नुपर्छ । त्यसै गरी प्रश्नोत्तर र छलफलमा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, कुनै पनि विद्यार्थीलाई तोकेर उत्तर दिन लगाउने, उत्तर राम्रोसँग सुन्ने र अन्तमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया प्रयोग गर्न सकिन्छ ।

८. अन्वेषण, अनुसन्धान तथा खोज : यस विधिमा समस्या वा प्रश्नको प्रस्तुति, गर्नुपर्ने र खोज कार्य र तरिकाको बारेमा छलफल गरी विद्यार्थीहरूले खोजबिन गरी निष्कर्ष प्रस्तुति र पृष्ठपोषण दिइन्छ ।

९. प्रविधियुक्त कक्षा : मोबाइल, कम्प्युटर, प्रोजेक्टर आदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन गर्न सकिन्छ ।

१०. सिर्जनात्मक कार्य : यस विधिमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, सम्बन्ध स्थापना जस्ता कार्यहरू गर्न लगाउन सकिन्छ ।

११. समस्या समाधान विधि : यस विधिमा समस्यालाई बुझ्ने, योजना छनौट ,योजना निर्माण, योजना कार्यान्वयन, पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान गरिन्छ ।

१२. खेल विधि : यसमा विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराइन्छ ।

१३. प्रयोगात्मक विधि : यसमा विधिमा कक्षाकोठा भित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइ कार्य गराइन्छ ।

१४. भ्रमण विधि : यस विधिमा विद्यार्थीहरुलाई विभिन्न स्थानहरुको भ्रमण गराई त्यहाँका अनुभव र सिकेको कुरा छलफल तथा प्रत्यावर्तन गराइन्छ ।

१५. प्रदर्शन विधिःयस विधिमा विषयवस्तुसँग सम्बन्धित तस्बीर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गरिन्छ।

१६. स्वाध्ययन तथा छलफलः यस विधिमा विभिन्न किसिमका सामग्रीका अध्ययनको माध्यमबाट सिकाइ गर्दा सामग्री छनोट, अध्ययन र धारणा वा विचार निर्माण गरिन्छ र यसलाई आवश्यकतानुसार विद्यार्थीबीच छलफल गराउन सकिन्छ।

१७. अन्तरक्रियाः यसमा छलफलको योजना र तयारी, बृहत् समूहमा छलफल सञ्चालन वा समूह विभाजन, कार्यसूची बाँडफाँड तथा कार्य सञ्चालन, प्रस्तुतीकरण, तुलना, विश्लेषण तथा मूल्याङ्कन र निष्कर्ष निकालिन्छ ।

१८. उदाहरण र प्रयोगः पाठका विषयवस्तुबाट उदाहरण, प्रयोग र अभ्यासमा जोड दिनुपर्छ । यसलाई भाषा शिक्षण/अन्तर्गत भाषिक सीप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणकालागि प्रयोग गर्नुपर्छ । भाषा सिकाइमा चित्र वा आकृति निर्माण, निर्देशित, व्यावहारिक लेखन वा स्वतन्त्र रचना, सस्वरवाचन तथा द्रुतपठन पनि यस अन्तर्गत उपयोग गर्न सकिन्छ ।

१९. श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरण : यसमा व्यक्ति, जोडी, सानो समूह र बृहत् समूहमा सुनाइ र छलफल, नमूना वाचन र अनुकरण, तुलना, विश्लेषण, मूल्याङ्कन र निष्कर्षको मौखिक प्रस्तुतिकरण क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षण अन्तर्गत भाषिक सीप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणकालागि प्रयोग गर्न सकिन्छ।

## १५.विद्यार्थी मूल्याङ्कन प्रक्रिया

### (क) मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा१-३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्न भनाइ निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको रूपमा प्रयोग गर्नुपर्दछ। कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ-उपलब्धि तथा तिनको विस्तृतिकरणका आधारमा ती सिकाइ-उपलब्धि प्राप्त गर्नसक्ने किसिमले गर्नुपर्दछ। विद्यार्थी मूल्याङ्कन गर्दा उक्त सिकाइ-उपलब्धि विद्यार्थीले केकति हासिल गर्नसके भने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ। यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारकालागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

कक्षा १-३ का, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना वा निश्चित विषयवस्तु वा विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्छ । कक्षा १-३ मा विद्यार्थीहरुलाई गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ । तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्य समावेश गर्नु उपयुक्त हुन्छ । कक्षा १-३ मा स्थानीय विषयको विद्यार्थी मूल्याङ्कनको प्रक्रिया निम्नानुसार गर्नु पर्नेछः-

१. मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलापसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ ।
२. सिकाइ उपलब्धि र तिनको विस्तृतिकरण तयार गरी सोहीअनुसार सम्भाव्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनको तयारी गर्नुपर्छ ।
३. दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा निर्धारित न्युनतम सिकाइ सुनिश्चित गरी सबै विद्यार्थीलाई थप सिकाइकालागि अवसर प्रदान गर्नुपर्छ ।
४. विद्यार्थीको सिकाइस्तरको मूल्याङ्कन गर्दा मूलतः विद्यार्थीले विभिन्न सिकाइक्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरे वा नगरेको यकिन गरी परीक्षण गर्नुपर्छ ।
५. विद्यार्थीको सिकाइको मूल्याङ्कनमा विषगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग तथा आवश्यकतानुसार विश्लेषण, मूल्याङ्कन र सिर्जनालगायतका उच्च क्षमता परीक्षण गर्नकालगि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ।
६. मूल्याङ्कनपश्चात् कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रियाअनुरुप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ । आवश्यकता अनुसार विद्यार्थीहरुका लागि उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ ।

७.मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धिअनुसार अभिलेखीकरण गर्नुपर्छ ।

८. मूल्याङ्कन नतिजाको अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, भावि सिकाइको योजना निर्माण गर्न र सिकाइ उपलब्धिको प्रगतिको अभिलेखका रूपमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नुपर्छ।

९. विद्यार्थीलाई स्वमूल्याङ्कन तथा प्रतिविम्बन गर्न र सिकाइ सुधारको आवश्यकता र उपाय पहिचान गर्न शिक्षक तथा अभिभावकले प्रेरित गर्नुपर्छ।

**(ख) मूल्यांकनका तारिका र साधन**

विद्यार्थी मूल्याङ्कनकालागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ । कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागिउपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ।विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका (portfolio)तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के-कसरी भइरहेको छ, के-कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरीहरू हटाई सिकाइमा सुधार के-कसरी गर्ने भन्ने कार्यकालागि यसबाट सहयोग पुग्दछ।विद्यार्थी मूल्याङ्कन गर्नकालागि कक्षा सहभागिता लिखित वा मौखिक कार्य , छोटा परीक्षा , अवलोकन , विद्यार्थीका कार्यको प्रदर्शन , अभिभावकको प्रतिकृया घटनावृत्त , परियोजना कार्य, स्व र सहपाठी मूल्याङ्कन लगायतका साधनहरुको प्रयोग गर्नु पर्दछ ।

**विद्यार्थी मूल्याङ्कनका संभाव्य तरिका र साधन**

**तालिका ७**

| क्र.सं. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन |
|---|---|---|
| १ | कक्षामा सहभागिता | अवलोकन, रुजु-सूची र श्रेणीमापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन |
| २ | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृश्य सामग्री |
| ३ | लिखित कार्य | प्रश्न, छोटो परीक्षा, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृश्य सामग्री |
| ४ | परियोजना तथा प्रयोगात्मक कार्य | रुजु-सूची, रुब्रिक्स वा श्रेणी मापन, मौखिक प्रश्न |
| ५ | कार्य संपादन तथा प्रदर्शन | अवलोकन, रुजु -सूची, रुब्रिक्स वा श्रेणी मापन, मौखिक प्रश्न |
| ६ | सहपाठी मूल्याङ्कन | अवलोकन, रुजु -सूची, श्रेणीमापन, फाराम |
| ७ | स्वमूल्याङ्कन | रुजु-सूची, श्रेणीमापन, फाराम |
| ८ | अभिभावक प्रतिक्रिया | रुजु-सूची, श्रेणीमापन, फाराम |
| ९ | कुराकानी तथा छलफल | अवलोकन, रुजु-सूची, श्रेणीमापन, फाराम |

**ग. विद्यार्थी उपलब्धिस्तर र ब्याख्या**

पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिहरु मापन गर्नकालागि तपसिल बमोजिमका दुई वटा आधारमध्ये विद्यालयले कुनै एक आधारमा विद्यार्थीहरुको सिकाइ उपलब्धि मापन गरी अभिलेखीकरण गर्न सिकनेछ ।

**(अ)** पाठ्यक्रमले निर्धारण गरेका प्रत्येक सिकाइ उपलब्धिको मापन गर्नकालागि प्रत्येक सिकाइ उपलब्धिका लागि ४ वटा उपलब्धि सूचक निर्धारण गरिएको छ । हरेक सिकाइ उपलब्धि सूचक विद्यार्थीले हासिल गरेमा एक (१) अङक दिने र हासिल गर्न नसकेमा शुन्य (०) अङक दिएर उपलब्धि प्रतिशत निकालेर सोका आधारमा अक्षराङ्कन पद्धतिमा विद्यार्थीहरुको सिकाइस्तर निर्धारण गर्नु पर्नेछ ।उपलब्धिमा शुन्य (०) अङक हासिल गर्ने विद्यार्थीहरुलाई थप सिकाइ सहायता पछि पुन :मूल्याङ्कन गरी सिकाइ उपलब्धिरुको अभिलेखीकरण गर्नु पर्दछ ।

**(आ)** हरेक सिकाइ उपलब्धिलाई ४ भागमा बिभाजन गरेर तलको ढाँचामा समेत विद्यार्थी मूल्याङ्कन गर्न सकिनेछ ।

विद्यार्थीको सिकाइ उपलब्धि स्तर र त्यसको ब्याख्याः

**तालिका नं. ८**

| उपलब्धि स्तर | मापन | उपलब्धिस्तरको ब्याख्या |
|---|---|---|
| कमजोर | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको । |
| सामान्य | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको। |
| राम्रो | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको । |
| उच्च | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको । |

पहिलो चरणमा दैनिक कक्षा क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइ/स्तर अभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी कम्तीमा उपलब्धिस्तर ३ पुर्याउने प्रयास गर्नुपर्दछ । उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुर्याउन सहयोग गर्नुपर्छ ।

यदि पटक-पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनः अभिलेखीकरण गर्नुपर्छ । निश्चित

सिकाइक्षेत्रका सिकाइउपलब्धिहरूको सिकाइ परीक्षण पश्चात सो सिकाइक्षेत्रको औसत सिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ ।

### (घ) मूल्यङ्कनका साधनको प्रयोग र अभिलेखीकरण गर्ने तरिका

विद्यार्थीहरुले हासिल गरेको सिकाइ उपलब्धिहरुलाई विषय क्षेत्रगत रुपमा तलको सुत्र प्रयोग गरी उपलब्धि प्रतिशत निकाल्नु पर्दछ ।

$$\text{क्षेत्रगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धि स्तरको अङ्कको} \times १००}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरुको संख्या}}$$

तालिका ९ उपलब्धि प्रतिशतलाई अक्षराङ्कन पद्धतिमा मिलान गर्ने ढाँचा

| उत्तीर्ण प्रतिशत | ग्रेड पोइन्ट | उपलब्धि स्तर | उपलब्धि स्तरको ब्याख्या |
|---|---|---|---|
| ९० वा सो भन्दा माथि | ४.० | A+ | सर्बोत्तम (Outstanding ) |
| ८० — ९० भन्दा तल | ३.६ | A | अत्युत्तम (Excellent ) |
| ७० — ८० भन्दा तल | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ६० — ७० भन्दा तल | २.८ | B | उत्तम (Good) |
| ५० — ६० भन्दा तल | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ४० — ५० भन्दा तल | २.० | C | ग्राह्य (Acceptable) |
| ३५ — ४० भन्दा तल | १.६ | D | आधारभूत Basic |
| ३५ भन्दा तल | - | NG | अवर्गिकृत Not Graded |

स्थानीय विषयको विद्यार्थी सिकाइ उपलब्धि अभिलेख अनुसूचि-१ बमोजिम हुनेछ।विद्यार्थी सिकाइ उपलब्धिको अभिलेखीकरण थप जानकारिकालागि लेटरग्रेड्ग पद्धतिको कार्यान्वयनकालागि सहयोग पुस्तिका,मा भएको व्यव्सथा अनुसार गर्नु पर्ने छ।२०७९ साल विद्यार्थीको समग्र विषयको प्रगतिको प्रतिवेदन अनुसूचि-२ मा उल्लेख भए बमोजिम हुनेछ।

## १६.शिक्षण सिकाइका लागि माध्यम भाषाको छनोट

आधारभूत तह ( कक्षा१-३ )को यो स्थानीय विषयको यो पाठ्यक्रमको कार्यान्वयन गर्ने सिलसिलामा पाठ्यक्रम र उक्त पाठ्यक्रमको आधारमा निर्माण गरिएका पाठ्यसामग्री र पठनपाठनकालागि माध्यम भाषाको प्रयोग गर्दा पठन पाठनको माध्यम भाषा मातृभाषा वा नेपाली भाषा हुनेछ । तर बहुमातृभाषी विद्यार्थीहरू समावेश भएका कक्षामा पाठ्यसामग्रीको शिक्षण गर्दा बहुभाषी शिक्षक उपलब्ध भएसम्म कक्षाकोठाको शिक्षण सिकाइमा बहुभाषा प्रयोग गर्नु उपयुक्त हुनेछ ।

# खण्ड ३

# कक्षा ४-८ को स्थानीय पाठ्यक्रम

१७.परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६ मा स्थानीय तहले विद्यालय तहमा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्न पाउने व्यवस्था छ । कक्षा ४-८ कालागि साप्ताहिक ४ पाठ्यभार र वार्षिक पाठ्यघन्टा १२८ निर्धारण गरेको छ।कक्षा ४-८ को यो स्थानीय पाठ्यक्रम विद्यालय शिक्षाकोलागि विकास गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका सिद्धान्त तथा स्वरूपमा आधारित भई विकास गरिएको छ । कक्षा ४-८ सम्मको पाठ्यक्रमको मूल्याङ्कन प्रक्रिया ५० प्रतिशत आन्तरिक र ५० प्रतिशत बाह्य हुनेछ ।आंन्तरिक तर्फ उपस्थीति र सिकाइ सहभागितामा -४ अङ्क, सुनाइ र बोलाइ (प्रयेगात्मक कार्य)मा २० अंङ्क , पढाइ र लेखाइ (परियोजना कार्य ,सिर्जनात्मक कार्य) कार्यमा -१६अङ्क र त्रैमासिक परीक्षामा -१० अङ्क छुट्याईएको छ । गौर नगरपालिका को स्थानीय पाठ्यक्रम कक्षा ४-८ को विषय क्षेत्र यस प्रकार छ ।

१. गौरको परिचय
२. धार्मिक एतिहासिक तथा पर्यटकीय स्थल ।
३. स्थानीय भाषा, लिपि र संस्कृति ।
४. उद्यमशीलता स्थानीय र परंपरागत पेशा, व्यवसाय, रोजगारी ।
५. नैतिक शिक्षा र आचरण ।
६. वातावरण र सरसफाई ।
७. संस्था,व्यक्ति र शहिदको परिचय ।
८. स्थानीय विपद ।

**१८.तहगत सक्षमता**

आधारभूत तह (कक्षा ४-८) सम्मको हाम्रो गौर नगरपालिका स्थानीय पाठ्यक्रम विषयको अध्धयन पश्चात विधार्थीहरुले निम्नलिखित सक्षमता हासिल गर्नेछनः

१. आफू बसेको वडा र नगर भौगोलिक अवस्था,साँध सीमाना ,जनसंख्या, जात जाति, संघ-संस्थाको चिनारी ।
२. प्रसिद्ध धार्मिक, एतहासिक र पर्यटकीय स्थलको जानकारी ,संरक्षण र प्रवर्द्धन ।
३. विभिन्न जातजातिले अपनाउने रीतिरिवाज , संस्कृतिको पहिचान र अनुसरण ।

४. उद्यमशीलता प्रवर्तनात्मक उपयोग ।

५. वातावरण सरक्षणप्रति सजग र हरित विद्यालय अवधारणाको अवलम्वन ।

६. स्थानीय प्रविधिको जानकारी,संरक्षण र प्रवर्द्धन ।

७. स्थानीय भाषा बज्जिका,मैथिली,नेपाली,भोजपुरी ,उर्दू ।

८. स्थानीय विपद भूकम्प, आगलागी, वर्षा, शीतलहर, सडक दर्घटना ,बाढी र डुबान, सर्पदंश, हावाहुरी, टोर्नाडो ,चटयाङ, बिपत् न्यूनिकरणमा स्थानिय प्रविधिको प्रयोग, विपद न्यूनीकरण योजना, विपद नक्शाङ्कन ,जनावर आतङ्क, धमिरा आतङ्क, रासायनिक प्रदूषण , सुख्खा तथा मरूभूमीकरण, बाध संरक्षण (लालबकैया र बागमती)।

## १९.विषयक्षेत्र अनुसार अनुमानित कार्यघण्टा कक्षा ४-८

**तालिका नम्बर १०**

| क.सं. | क्षेत्र | कार्य घण्टा | | | | |
|---|---|---|---|---|---|---|
| | | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| १. | हाम्रो नगरपालिका | १४ | १४ | १५ | १५ | १५ |
| २. | धार्मिक, ऐतिहासिक तथा पर्यटकिय स्थल | १५ | १५ | १८ | १८ | १८ |
| ३. | भाषा लिपी र संस्कृति | १८ | १८ | १८ | १८ | १८ |
| ४. | उदयमशिलता | १८ | १८ | १८ | १८ | १८ |
| ५. | नैतिक शिक्षा र आचरण | १८ | १८ | १८ | १८ | १८ |
| ६. | वातावरण र सरसफाई | १८ | १८ | १५ | १५ | १५ |
| ७. | संस्था र व्यक्ति परिचय | १६ | १६ | १४ | १४ | १४ |
| ८. | स्थानीय विपद | ११ | ११ | १२ | १२ | १२ |
| | जम्मा | १२८ | १२८ | १२८ | १२८ | १२८ |

## २०. कक्षागत सिकाइ उपलब्धि (कक्षा ४-५)

### तालिका नं. ११

| क्र.स. | विषय क्षेत्र | सिकाइ उपलब्धि | |
|---|---|---|---|
| | | कक्षा ४ | कक्षा ५ |
| १. | गौरको परिचय | *गौर नगरपालिकाको र आफ्नो वडाहरुको सामान्य परिचय दिन<br>*आफू बसोबास गरेको पालिका संग सिमाना जोडिएका पालिकाहरुको पहिचान गर्न<br>*रौतहट जिल्लाको नक्शामा आफ्नो नगरपालिकाको पहिचान गर्न | *गौर नगरपालिकाको ऐतिहासिक परिचय दिन<br>*आफ्नो पालिका तथा छिमेकी पालिकाको नामाकरण गर्नुको कारण पहिचान गर्न ।<br>*पालिकाको कुल क्षेत्रफल र आफ्नो वडाको क्षेत्रफलको पहिचान गर्न ।<br>*वडा कार्यालयबाट प्रवाह हुने प्रमुख सेवाहरु बताउन |
| २. | धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल | *स्थानीय सम्पदाको संरक्षणका उपायहरु बताउन<br>*ऐतिहासिक पुरेनवा दरवार र बानेश्वर स्थान (धाम) मन्दिरको परिचय र विशेषता बताउन<br>*स्थानीय जुद्ध मा.वि. र राम मंदिरको विशेषता र ऐतिहासिक परिचय बताउन<br>* घंण्टा घरको परिचय बताउन | *स्थानीय समुदाय विशेषता रहेको लोकगीत र लोक नृत्यका परिचय महत्व सामान्य अभ्याष गर्न<br>*ऐतिहासिक लक्ष्मीनारायण मन्दिर र कलाकुञ्ज पुस्तकालयको परिचय र हालको अवस्था बताउन<br>*मधेश प्रदेशको दोश्रो लामो झोलुङ्गेपुल(बानेश्वर धाम) को परिचय दिन<br>*स्थानीय जु.मा.वि मा संचालन हुने कक्षाहरुको बारेमा बताउन<br>* घंण्टा घरको बारेमा बताउन |
| ३. | स्थानीय भाषा लिपी र संस्कृति | *स्थानीय भाषा (बज्जिका, उर्दु, हिन्दी, मैथिली, भोजपुरी र संस्कृति) को सामान्य परिचय भन्न<br>*आफ्नो परिवार र गाउँमा बोलिने भाषाको नाम भन्न<br>*हाम्रो गाउँमा मनाईने पर्वहरुको नाम र परिचय दिन<br>*बज्जिका भाषाको लिपी (कैथी) चिन्न र चिनाउन | *स्थानीय भाषा (बज्जिका,उर्दु,हिन्दी,मैथिली,भोजपुरी र संस्कृत) को पहिचान गर्न<br>*उर्दु भाषाको अरवी लिपीको चिनारी गर्न<br>*आफ्नो परिवार र गाउँमा बोलीने भाषाको परिचय दिन र अभ्यास गर्ने<br>*आफ्नो गाउँ टोलमा मनाइने मूख्य पर्वहरुको महत्व बताउन<br>*स्थानीय स्तरमा प्रचलित विशेषता बताउन |

| | | | |
|---|---|---|---|
| ४. | उद्यमशीलता | *स्थानीय स्तरमा संचालित साना व्यवसायहरु को सामान्य जानकारी बताउन<br>*करेसावारी र कौसि खेतीको परिचय दिन<br>*गारमेन्ट उद्योगमा उत्पादन हुने सामग्रीहरुको नाम भन्न र प्रयोग गर्न<br>*स्थानीय स्तरमा उत्पादन हुने जुत्ता, चपल, व्यागको चिनारी दिन<br>*माछापालनको परिचय दिन | *स्थानीय स्तरमा संचालित साना व्यवसायहरु को सामान्य जानकारी र महत्व बताउन<br>*बेकरी उद्योगको परिचय दिन<br>*स्थानीय अन्नवाली, फलफूल, तरकारी खेतीको सम्भावना तथा आवश्यकता को पहिचान गर्न<br>*स्थानीय कृषि तथा पशुपालन व्यवस्था परिचय र महत्व बताउन<br>*माछापालनको महत्व बताउन |
| ५ | नैतिक शिक्षा र आचारण | *घर परिवार र विद्यालयमा गरिने अभिवादनको तरिका हासिल गरी अभिवादन गर्न<br>*आफु भन्दा श्रेष्ठजन उपस्थित भएमा आफ्नो आसनबाट उभिने<br>*हजुरबुवा हजुरआमा र अन्य आफनाहरुको सहयोग गर्न<br>*स्थानीय असल मूल्य मान्यताहरुको सुची बनाउन<br>*प्राकृतिक प्रकोपको बेलामा सहयोग र सेवा गर्न | *असल सामाजिक मूल्य मान्याताको अनुसरन गर्न (ठुलालाई आदर सानालाई माया)<br>*स्थानीय असल संस्कार सभ्याता , मूल्य मान्याताका अवलम्बन गर्न<br>*विद्यालयमा जुनियर रेड क्रस र बाल कल्बमा सहभागी हुनु र त्यसका मूल्य र मान्यता बताउन<br>*अनुशासन को पालन गरी उदाहरणीय बन्न<br>*सामाजिक विकृती र अन्धविश्वास पहिचान गरी यसको न्यूनीकरण गर्न |
| ६ | वातावरण र सरसफाई | *वातावरण र विकासको परिचय दिन<br>*विद्यालयमा बालबगैचा र वृक्षारोपणमा सहभागी हुन<br>*नगरपालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको परिचय, उयोग,आवश्यकता बताउन<br>*वातावरण प्रदुषणको स्थानीय अवस्थाका पहिचान फोहर मैलाको वर्गीकरण (ठोस,तरल र ग्यास) व्यवस्थापनमा सहयोग<br>*घर र विद्यालयमा सरसफाई को वानीको विकास गर्न | *कक्षाकोठाको सरसफाई सक्रिय सहभागी हुन<br>*नगरपालिका क्षेत्रमा पाइने वनस्पति, जीवजन्तु संरक्षणमा विद्यार्थी विद्यालय र समुदायको भूमीका वर्ण गर्न<br>*घर र विद्यालयमा उपयोग हुने उर्जाको परिचय<br>*वातावरण संरक्षणको अवधारण बताउन र पहिचान गर्न<br>*विद्यालय र सार्वजनिक स्थलमा वृक्षारोपण गर्न |
| ७ | संस्था ,व्यक्ति र | *नगरपालिका भित्रका विद्यालय देवालय, पुस्तकालयहरुको पहिचान गरी तिनीहरुको | *नगरपालिका भित्रका विद्यालय,देवालय, पुस्तकालयहरुको पहिचान गरी तिनीहरुको महत्व |

| | | | |
|---|---|---|---|
| | शहिदको परिचय | पहिचान बताउन<br>*अस्पतालहरुमा हुने सेवा सम्बन्धी कार्यहरुबारे बताउन<br>*कम्प्यूटर शिक्षा दिने संघ संस्थाको नाम भन्न<br>*गौर न.पा.भित्र सञ्चालित सामुदायिक विधालयका प्र.अ.हरुको नाम बताउन | बताउन<br>*अस्पतालहरुका व्यवस्थापन र कार्य बताउन<br>*आफ्नो गाँउ टोलका प्रमूख व्यक्तिहरुको नाम बताउन<br>*परम्परागत पुस्ताकालयलाई आधुनिक बनाउन प्रयोग हुने साधनहरु बारे नाम र काम बताउन<br>*पालिकाभित्रका सहकारी संस्थाको परिचय तथा कार्य बताउन |
| ८. | स्थानीय विपद | *स्थानीय बिपदहरुको सामान्य परिचय दिन।<br>* (आगलागी, वर्षा, शीतलहर, सडक दुर्घटना, सर्पदंश, बाढी र डुबान) | * सुरक्षाका आधारभूत उपायहरु भन्न।<br>* खतरा तथा ट्राफिक चिह्नहरु पहिचान गर्न । |

## २१.विषयवस्तुको क्षेत्र र क्रम (कक्षा ४-५)

### तालिका नम्बर १२

| क्र.स | एकाइ,क्षेत्र | कक्षा ४ | कक्षा ५ | कार्य घन्टा |
|---|---|---|---|---|
| १ | गौरको परिचय | *गौर नगरपालिकाको र आफ्नो वडाहरुको सामान्य परिचय<br>*आफू बसोबास गरेको पालिका संग सिमाना जोडिएका पालिकाहरुको पहिचान<br>*रौतहट जिल्लाको नक्शामा आफ्नो नगरपालिकाको पहिचान | *गौर नगरपालिकाको ऐतिहासिक परिचय<br>*आफ्नो पालिका तथा छिमेकी पालिकाको नामाकरण गर्नुको कारण पहिचान<br>*पालिकाको कुल क्षेत्रफल र आफ्नो वडाको क्षेत्रफलको पहिचान<br>*वडा कार्यालयबाट प्रवाह हुने प्रमुख सेवाहरु | १४ |
| २ | धार्मिक ऐतिहासिक तथा पर्यटकिय स्थल | *स्थानीय सम्पदाको संरक्षणका उपायहरु<br>*ऐतिहासिक पुरेनवा दरवार, घंण्टा घर र बानेश्वर धामको  र परिचय र विशेषता<br>*स्थानीय जुध्द मा.वि. र राम मंदिरको विशेषता र ऐतिहासिक परिचय | *स्थानीय समुदाय विशेषता रहेको लोकगीत र लोक नृत्यका परिचय र महत्व<br>*ऐतिहासिक लक्ष्मीनारायण मन्दिर र कलाकुञ्ज पुस्तकालयको परिचय र हालको अवस्था<br>*मधेश प्रदेशको दोश्रो लामो झोलुङ्गेपुल(बानेश्वर धाम)  र घंण्टा घरको परिचय<br>*स्थानीय जु.मा.वि मा संचालन हुने कक्षाहरु | १५ |

| | | | | |
|---|---|---|---|---|
| ३ | स्थानीय भाषा र संस्कृति | *स्थानीय भाषा (बज्जिका,उर्दु, हिन्दी, मैथिली,भोजपुरी र संस्कृति) को सामान्य परिचय<br>*आफ्नो परिवार र गाउँमा बोलिने भाषाको नाम<br>*हाम्रो गाउँमा मनाईने पर्वहरुको नाम र परिचय<br>*बज्जिका भाषाको लिपी (कैथी) | *स्थानीय भाषा (बज्जिका,उर्दु,हिन्दी, मैथिली,भोजपुरी र संस्कृत) को पहिचान<br>*उर्दु भाषाको अरवी लिपीको चिनारी<br>*आफ्नो परिवार र गाउँमा बोलीने भाषाको परिचय र अभ्यास<br>*आफ्नो गाउँ टोलमा मनाइने मूख्य पर्वहरुको महत्व | १८ |
| ४ | उद्यमशीलता | *स्थानीय स्तरमा संचालित साना व्यवसायहरु को सामान्य जानकारी<br>*करेसावारी र कौसि खेतीको परिचय<br>*गारमेन्ट उद्योगमा उत्पादन हुने सामग्रीहरुको नाम र प्रयोग<br>*स्थानीय स्तरमा उत्पादन हुने जुत्ता, चपल, व्यागको चिनारी<br>*माछापालनको परिचय दिन | *स्थानीय स्तरमा संचालित साना व्यवसायहरु को सामान्य जानकारी र महत्व<br>*बेकरी उद्योगको परिचय<br>*स्थानीय अन्नवाली, फलफूल, तरकारी खेतीको सम्भावना तथा आवश्यकता को पहिचान<br>*स्थानीय कृषि तथा पशुपालन व्यवस्था परिचय र महत्व<br>*माछापालनको महत्व | १८ |
| ५ | नैतिक शिक्षा र आचरण | *घर परिवार र विद्यालयमा गरिने अभिवादन<br>*हजुरबुवा हजुरआमा र अन्य आफन्तहरुको सहयोग<br>*स्थानीय असल मूल्य मान्यताहरुको सुची<br>*प्राकृतिक प्रकोपको बेलामा सहयोग र सेवा | *असल सामाजिक मूल्य मान्याताको अनुशरण (ठुलालाई आदर सानालाई माया)<br>*स्थानीय असल संस्कार सभ्यता,मूल्य मान्याताका अवलम्बन<br>*अनुशासनको पालन<br>*सामाजिक विकृती र अन्धविश्वास | १८ |
| ६ | वातावरण र सरसफाई | *वातावरण र विकासको परिचय<br>*विद्यालयमा बालबगैचा र वृक्षारोपण<br>*नगरपालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको परिचय,उपयोग,आवश्यकता<br>*वातावरण प्रदुषणको स्थानीय अवस्थाका पहिचान फोहर मैलाको वर्गीकरण (ठोस,तरल र ग्यास) व्यवस्थापन<br>*घर र विधालयमा सरसफाई | *कक्षाकोठाको सरसफाई<br>*नगरपालिका क्षेत्रमा पाइने वनस्पति, जीवजन्तु संरक्षणमा विद्यार्थी, बिधालय र समुदायको भूमीका<br>*घर र विद्यालयमा उपयोग हुने उर्जाको परिचय<br>*वातावरण संरक्षणको अवधारण र पहिचान<br>*विद्यालय र सार्वजनिक स्थलमा वृक्षारोपण | १८ |

| | | | | |
|---|---|---|---|---|
| ७ | संस्था र व्यक्ति | *नगरपालिका भित्रका विद्यालय देवालय, पुस्तकालयहरुको पहिचान<br>*अस्पतालहरुमा हुने सेवा सम्बन्धी कार्य<br>*कम्प्यूटर शिक्षा दिने संघ संस्थाको नाम<br>*गौर न.पा.भित्र सञ्चालित सामुदायिक विधालयका प्र.अ.हरुको नाम | *नगरपालिका भित्रका विद्यालय,देवालय, पुस्तकालयहरुको पहिचान गरी तिनीहरुको महत्व<br>*अस्पतालहरुका व्यवस्थापन र कार्य<br>*परम्परागत पुस्ताकालयलाई आधुनिक बनाउन प्रयोग हुने साधनहरु बारे नाम र काम<br>*पालिकाभित्रका सहकारी संस्थाको परिचय र कार्य | १६ |
| ८. | स्थानीय विपद | *स्थानीय बिपदहरुको सामान्य परिचय।<br>*(आगलागी, वर्षा, शीतलहर, सडक दर्घटना , बाढी र डुबान) | * विपद् सुरक्षाका आधारभूत उपायहरु।<br>*खतरा तथा ट्राफिक चिह्नहरु पहिचान । | ११ |

२२.विषयवस्तुको विस्तृतिकरण (कक्षा ४-५)

तालिका नम्बर १३

(घ) कक्षा ४

| क्र.स | विषयक्षेत्र / एकाइ | विषयवस्तुको बिस्तृतिकरण | संभावित सिकाइ क्रियाकलापहरु | संभावित विद्यार्थी मूल्याङ्कन | कार्य घणटा |
|---|---|---|---|---|---|
| १ | गौरको परिचय<br>*गौर न.पा.र वडाको परिचय<br>*गौरको सिमाना र नक्सा | *गौर नगरपालिकाको समान्य परिचय<br>*आफू बसोबास गरेको वडाको सामान्य परिचय<br>*आफू बसोबास गरेको पालिका संग सिमाना जोडिएका पालिकाहरुको पहिचान(पूर्वमाः-राजदेवीन.पा. ,पश्चिममाः-ईशनाथ न.पा.उतरमाः-राजपुर र यमुनामाई गा.पा.)<br>*रौतहट जिल्लाको नक्शामा आफ्नो नगरपालिकाको पहिचान | शिक्षकले आफू बसेको न.पा.र वडाको सामान्य परिचय दिने तथा विधार्थीहरु बाट आफू बसेको पालिका र वडाको सामान्य परिचय भन्न लगाउने<br>*शिक्षकले जिल्लाको नक्सामा पहिला आफु बसेको पालिकाको नक्सा चिनाउने त्यसपछि विधार्थीहरु संग आफू बसेको पालिकाको नक्सा चिन्न लगाउने<br>*शिक्षकले आफनो पालिकाको सिमाना बताउने त्यसपछि विधार्थीहरु संग आफनो पालिकाको सिमाना भन्न लगाउने | * आफू बसोबास गरेको नपाको परिचय सोध्ने र उतर दिए नदिएको हेरेर<br>*नक्सामा आफनो पालिका पहिचान गरे नगरेको हेरेर<br>*नगरपालिकाको नक्सामा आफनो वडाको नक्सा चिन्ह लगाएर<br>*आफनो पालिकाको वरपर रहेका पालिकाहरुको नाम भन्न लगाएर | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | धार्मिक ऐतिहासिक तथा पर्यटकिय स्थल<br>*हाम्रा धार्मिक तथा ऐतिहासिक स्थल<br>*हाम्रा पर्यटकीय स्थल | *बानेश्वर स्थान (धाम) मन्दिरको परिचय र विशेषता बताउन<br>*स्थानीय जुध्द मा.वि. र राम मंदिरको विशेषता र ऐतिहासिक परिचय बताउन<br>*राममन्दिरको परिचय बताउन<br>*स्थानीय सम्पदाको संरक्षणका उपायहरु बताउन<br>*ऐतिहासिक पुरेनवा दरवारको परिचय र विशेषता बताउन | *शिक्षकले पुरेनवा दरवारको ऐतिहासिक परिचय र विशेषता बारे सिकाउने र विधार्थीहरु संग ति कुराहरु सोध्ने<br>*स्थानीय जुद्ध माविको बारेमा शिक्षकले परिचय भन्ने र विधार्थीहरुलाई भन्न लगाउने<br>*स्थानीय राम मन्दिरको बारेमा शिक्षकले ऐतिहासिक परिचय र विशेषता भन्ने र विधार्थीहरु संग भन्न लगाउने<br>*स्थानीय सम्पदा संरक्षणको उपाय बारे शिक्षकले बताउने र विधार्थीहरु संग भन्न लगाउने<br>*शिक्षकले बानेश्वर स्थान मन्दिरको परिचय र विशेषता बताउने र विधार्थीहरु लाई भन्न लगाउने | *पुरेनवा दरवारको परिचय दिए नदिएको हेरेर<br>*पुरेनवा दरवारको विशेषता बताउन लगाएर<br>*जुद्ध मा वि को परिचय दिए नदिएको सुनेर<br>*स्थानीय राम मन्दिरको परिचय र विशेषता दिए नदिएको हेरेर<br>*सम्पदा संरक्षणको उपाय बारे भन्न लगाएर<br>*बानेश्वर स्थानको परिचय दिए नदिएको हेरेर | १५ |
